बौद्ध मासिक

# धर्म चक्र

वर्ष-१२, अङ्क-८, पूर्णाङ्क-७०, फागुन २०६६, बुद्ध सम्वत् २५५३, ने.सं. ११३० Feb/March 2010



धर्मोदय सभाद्वारा लुम्बिनीमा निर्मित स्वयम्भू प्रतिकृतिको धर्मोदय महाचैत्यमा स्थापित सुनको बुद्ध मूर्ति


# DHARMA CHA...

...न.पा.-३, ज्ञानमार्ग ...

...नै प्रायोजन गर्नुभएको हो ।



पश्चिमाञ्चल क्षेत्रीय अस्पताल परिसरमा निर्माणाधीन आकृति स्तूपमा स्थापना गरिने थाइल्याण्डबाट प्राप्त बुद्धमूर्ति



घौं सदनमा ल्होसार पर्व मनाउन तैयारीको दृश्य

बौद्ध मासिक



# धर्म चक्षु

# The Dharma Chakshu



(Buddhist Monthly)

POKHARA, NEPAL

धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोन: ०६१-५२०५१७

वर्ष-१२, अङ्क-८, पूर्णाङ्क-७०, फागुन २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११३० Feb./March 2010

प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-व्यवस्थापक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

लुम्बिनी प्रतिनिधि
**कविन्द्र बज्राचार्य**

सहयोगीहरू
**बलबहादुर अधिकारी**
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजू**
१४४, नयाँबजार, पोखरा-८
फोन: ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा
फोन: ०६१-५२८०७३

**मूल्य: रु.२०।-**

## विषय-सूची


| | | |
|---|---|---|
| सम्पादकीय | | २ |
| रुसमा बौद्ध धर्मका केही... | हिरण्यलाल श्रेष्ठ | ३ |
| बुद्धबारे भ्रामक सन्देश | दीनानाथ शर्मा | ६ |
| बुद्धबारे भ्रम | प्रा.डा. दयानन्द बज्राचार्य | ९ |
| दशौं राष्ट्रिय बौद्ध सम्मेलन | रीना तुलाधर | १२ |
| बुद्ध जन्मथलोबारे चिनियाँ अनभिज्ञ | निर्मल श्रेष्ठ | १५ |
| बुद्धको जन्मथलोको भ्रम हटाउने उपाय | आदर्श समाज | १६ |
| संचारमा बुद्ध धर्म | तिलकमान गुभाजू | १७ |
| The Life of Buddha | Henry Steel Olcott | २१ |
| समाचार | | २७ |


हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ। नेपाल बौद्ध देश हुनुपर्दछ।

***(धर्मचक्षुको यो अङ्क पो.उ.म.न.पा.-३, ज्ञानमार्ग निवासी कृष्णाकुमारी ताम्राकारले प्रायोजन गर्नुभएको हो।)***

सम्पादकीय

# नयाँ संविधानमा भगवान बुद्धको स्थान

१. नेपाललाई विश्वमा चिनाउने क्रममा बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भन्ने गरिन्छ । बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भन्नु नेपालको सन्दर्भमा तात्विक अन्तर छैन । यो चलन चल्तीमा भन्दै आएको कुरा हो । वास्तविक कुरा हो । यही कुरालाई संविधानमा उल्लेख गरियोस् भन्ने हाम्रो आग्रह हो ।

२. संविधानमा बौद्ध देश उल्लेख गर्नका लागि जनमन र वातावरण अनुकूल नभैसकेको भन्ने कुरा बाहिर आएको छ । त्यसलाई हामी महशुस गर्दछौं । त्यसो हो भने संविधानको प्रस्तावनामा नेपाललाई परिभाषित गर्ने क्रममा "विश्वशान्तिका नायक भगवान बुद्धको देश नेपाल......" भनेर भनियोस् । संविधानमा त्यसरी बुद्धलाई सूचीकृत गरियो भने त्यसले एकातिर हाम्रो शान्तिप्रतिको चाहना प्रतिविम्बित गर्नेछ भने अर्कोतिर बुद्ध र बुद्धको जन्मस्थल सम्बन्धी भ्रम जेजसरी व्याप्त भैरहेको छ, त्यसको निवारण हुनेछ ।

३. बुद्ध र बुद्धको जन्मस्थलका सम्बन्धमा के-कति भ्रम फैलिएको छ भन्ने सम्बन्धी लेख र समाचार यसैमा साभार गरी छापेका छौं । सहयोगीहरूले त्यसरी समाचार छाप्नु र लेख लेखेर खण्डन गर्नु त्यस भ्रमबाट उत्पन्न पीडाबोधको परिचायक हो । हामी त्यसको उच्च मूल्याङ्कन गर्दछौं । तर त्यसरी पीडाबोध गरेर र आक्रोशित भएर मात्र त्यो भ्रम निवारण हुँदैन । त्यसको लागि नेपालले धेरै प्रयास गर्नुपर्दछ र बुद्धलाई हाम्रो हो भनी अपनाएर देखाउनु पनि पर्दछ । हाम्रो छिमेकी देश भारत जुन शुरूदेखि धर्मनिरपेक्ष देश हो, त्यसले आफ्नो राष्ट्रिय झण्डामा बुद्ध धर्मका प्रतीक धर्मचक्र अङ्कित गरेको छ । त्यसले आफ्नो राष्ट्रिय मुद्रामा तीन टाउको भएको सिंह राखेको छ आदि ।

४. धर्मनिरपेक्ष भारतले त्यसरी राज्यस्तरबाट बौद्ध प्रतीकहरू अपनाएको छ भने बुद्ध जन्मेको देश नेपालले के त्योभन्दा एक कदम अगाडि बढेर बुद्धलाई अपनाएको देखाउनु आवश्यक छैन र ? हामी यो प्रश्न देशका बुद्धिजीवी, नीतिनिर्माता र संविधान सभाका सम्पूर्ण सदस्यहरू समक्ष राख्न चाहन्छौं र राज्यले यस सम्बन्धमा गम्भीर किसिमले सोचोस् भन्ने चाहन्छौं । राज्यस्तरबाट सोच्ने र निर्णय गर्ने यो एक राम्रो अवसर हो ।

५. हामी यसै अवसरमा छिमेकी मित्रराष्ट्र चीनले नेपालमा भएको बुद्धको अस्थिधातु आफ्नो देशमा प्रदर्शनका लागि मागेको र लुम्बिनी स्थित अखण्ड दीपको ज्योतिले विश्व प्रदर्शनीको उद्घाटन गर्ने अनुमति मागेको कुरा स्मरण गराउन चाहन्छौं । दुवै छिमेकी देशहरूका यस्ता कुराले महत्त्वपूर्ण एउटा कुरा के सिद्ध गर्दछ भने हामीले उठाएको यो कुरा साम्प्रदायिक होइन र अतिवादी सोच पनि होइन । अझ भनौं भने यो हाम्रो राष्ट्र र राष्ट्रियतासँग सम्बन्धित कुरा हो र वास्तविक कुरा हो । यी सबै कुरा हृदयङ्गम गरी राज्यले बुद्ध र बुद्धको जन्मथलोबारे संविधानमा प्रस्ट उल्लेख गरोस्, संविधानमा सूचीकृत गरोस् र बुद्ध र बुद्ध धर्मका प्रतीक चिन्हहरू अपनाएर नेपालीको शान्तिप्रतिको चाहना राम्ररी प्रतिविम्वत गरोस् तथा अरूले भन्दा नेपालले बुद्ध र बुद्ध धर्मलाई आत्मीयता साथ अपनाएको छ भन्ने कुरा देखाउनु अरू आवश्यक भएको एक पटक दोहोऱ्याउन चाहन्छौं ।

भवतु सव्व मंगलम् ।

# रूसमा बौद्ध धर्मका केही उल्लेखनीय विशेषताहरू



हिरण्यलाल श्रेष्ठ

रुस विविध जाति, जनजाति, धर्महरू भएको महासङ्घ हो । रुसमा सबभन्दा बढी अर्थोडक्स क्रिश्चियन, इस्लाम, यहुदी, त्यसपछि चौथो ठूलो सङ्ख्या भएको बौद्ध धर्म हो । यी चार धर्महरूलाई राजकीय मान्यता प्रदान गरिएको छ । बौद्ध धर्मका अनुयायीहरू सबभन्दा बढी रुसको एशियाली भूभागका जनजातिहरू बस्ने बुरियातिया, तुभा, एगेन्स्की, बिता, इर्कुसजस्ता ठाउँहरूमा छन् । युरोपमा पर्ने भूभागमा बौद्धहरूको बाहुल्य भएको एउटै मात्र रुसभित्र कलमिकिया गणराज्य हो । रुसको सुदूरपूर्वी क्षेत्रमा मङ्गोल, चिनिया, जापानी, कोरियाली, मूलका रुसी नागरिकहरूमध्ये बढी बौद्धहरू नै छन् । सेन्टपिटर्सबर्ग, मास्को, क्रास्नायार्क्सजस्ता ठूला शहरहरूमा पनि बौद्ध धर्मका अनुयायीहरू छन् । अतिवादका विरुद्ध मध्यमार्ग अपनाएर शान्तिको खोजीमा बौद्धमार्गी भएका रुसीहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दैछ ।

रुसी बौद्धहरूले बुद्ध, धम्म, सङ्घ त्रिरत्नलाई अपनाएका छन् । उनीहरूले नेपालको लुम्बिनीमा जन्मेका शाक्यमुनि बुद्धलाई नै आफ्नो धर्मको केन्द्रबिन्दु मानेका छन् । रुसको जनजाति क्षेत्रमा महायानको प्रभाव अत्यधिक छ । तिब्बत र मङ्गोलियाका लामाहरू आएर धर्मको जग बसालेको हुनाले त्यहाँ गेलुपा सम्प्रदायको प्रभाव छ । शाक्यपा, कार्ग्युपा र निङ्मापा सम्प्रदायका पनि केही छन् । शहरी क्षेत्रहरूमा थेरवादी प्रभाव पनि देखिन्छ ।

रुसी बौद्धहरू सुसङ्गठित छन् । सोभियतकालमा बौद्ध परिषद् (बोर्ड) गठन गरिएको थियो । आजकाल परम्परागत बौद्ध सङ्घलाई छाता सङ्गठनका रूपमा सञ्चालन गरिएको छ । गुम्बाहरूमा प्रमुख र अरू लामाहरू रहन्छन् । लामाहरूको केन्द्रीय परिषद् पनि छ । सबभन्दा माथि वरिष्ठ धार्मिक गुरुको संस्थागत पद छ । त्यसलाई हम्बो लामा भनिन्छ ।

सन् १७६४ देखि हम्बो लामा संस्थागत प्रमुखको पद्धति प्रारम्भ भएको हो । सबभन्दा पहिला हम्बो लामा दाम्बा दार्झा जाहेब हुनुहुन्थ्यो । अहिलेसम्म चौबीसजना हम्बो लामाहरू भइसकेका छन् । वर्तमान हम्बो लामा दाम्बा आयुसोभ हुनुहुन्छ । नेपालमा सबभन्दा पहिले सन् १९५६ मा चौथो विश्व बौद्ध सम्मेलनमा भाग लिन तत्कालीन हम्बो लामा एसी दोर्झी सारापोभ आउनुभएको थियो । त्यसपछिका हम्बो लामाहरू बेलाबखत विभिन्न कार्यक्रमहरूमा नेपालको भ्रमणमा आउनुभएको थियो । तिब्बतमा दलाई लामा, भुटानमा जे खेम्पो लामाजस्तै रुसमा हम्बो लामालाई सर्वोच्च लामाका रूपमा मान्यता प्राप्त छ ।

रुसमा बौद्धहरूको बाहुल्य भएको गणराज्यभित्र आ-आफ्ना सङ्गठनहरू छन् र तिनको नेतृत्व गर्ने वरिष्ठ लामाहरू पनि छन् । तुभामा काम्बे लामाको संस्थागत नेतृत्व छ । कलमिकियामा आजकल साद् जिन तेलो टुल्कु रिम्पोछे लामाले धार्मिक नेतृत्व गरिरहनुभएको छ । एगेन्स्की र पूर्वी क्षेत्रमा हम्बो लामाले सहायक हम्बो लामा पद सिर्जना गरी सङ्गठन बिस्तारको काममा खटाउने गर्नुभएको छ ।

रुसमा बौद्ध धर्म अनुयायीहरू आफ्नो धर्म र संस्कृतिप्रति आस्थावान्, शान्तिप्रिय र आफ्नो पहिचानलाई निरन्तरता प्रदान गर्न सफल छन् । बौद्धहरूले हिंसात्मक गतिविधि गरेका छैनन् । उनीहरू विखण्डनवादी प्रवृत्तिबाट पनि मुक्त छन् । तर आफ्नो

धार्मिक र सांस्कृतिक पहिचानलाई कहिल्यै छोडेनन् ।

युरोपभरमा रुस नै यस्तो पहिलो देश हो जहाँ बौद्ध धर्मलाई राजकीय मान्यता प्राप्त भयो । सन् १७४१ मा सम्राज्ञी एलिजावेथ पेट्रोभ्नाले रसियामा आधिकारीक रूपले बौद्ध धर्मलाई लालमोहर प्रदान गरी राजकीय मान्यता प्रदान गरिबक्सेको थियो ।

युरोपभरमा कलमिकियालाई अपवादका रूपमा लिएमा सेन्टपिटर्सबर्गको बौद्ध गुम्बा सबभन्दा पहिलो गुम्बा हो । जारको पालामा सन् १९०३ मा निर्माण सुरू गर्न थालिएको उक्त गुम्बा अरू धर्मका कट्टरपन्थीहरूले विरोध गरेपनि मङ्गोलिया र तिब्बतका लामाहरूले सरकारी तहमा नै विशेष अभिरूचि लिएको हुनाले र दक्षिण एसियामा अङ्ग्रेजहरूले बिस्तार गर्दै हिमालपारि आँखा लगाएको सन्दर्भमा रुसी सरकारले पनि तिब्बतमा त्यसबेला भूराजनीतिक दृष्टिले आफ्नो उपस्थिति खोजिरहेको हुँदा सेन्टपिटर्सबर्ग गुम्बा निर्माण गर्न सरकारले अवसर प्रदान गऱ्यो र तिब्बत सरकारप्रति सदाशयता देखायो । सेन्टपिटर्सबर्ग, मिनायेभ र अन्य प्राच्यविद् एवम् बौद्ध विद्याका प्रमुख अध्ययन केन्द्र नै रहँदै आएका छन् ।



रुसी महासङ्घभित्र युरोपीय भूभागमा कलमिकिया एकमात्र बौद्धहरूको बाहुल्यता भएको गणराज्य हो । सोह्रौं र सत्रौं शताब्दीदेखि मंङगोल मूलका गोठालाहरू क्यास्पियन सागरको किनार र भोल्गा तथा डोन नदीका बीचको भागको चरणमा आइपुगेका थिए । उनीहरूले आफूसँगै बौद्ध धर्म र संस्कृति पनि लिएर आए । कलमिकियामा सन् १९९३ देखि राष्ट्रपतिमा निर्वाचित भएका किर्सान इल्युमझिनोभले विशेष ध्यान दिएर त्यहाँ बौद्ध पुनर्जागरण र बौद्ध सम्पदा निर्माण तीव्र गतिमा अगाडि बढाउनुभयो । युरोपमा सबभन्दा अग्लो बौद्ध प्रतिमाको अनावरण सन् २००५ डिसेम्बरमा गरिएको थियो । दस वर्षभित्रमा त्यहाँ धेरै गुम्बाहरू र चैत्यहरू निर्माण भए । कलिमियाको राजधानी एलिस्तामा शाक्यमुनिको मन्दिर, बौद्ध मन्दिर, बौद्ध मन्त्रसहितको माने र अन्य सम्पदाहरूको निर्माणलाई मध्यनजर गर्दा त्यस नगरलाई 'बौद्ध संस्कृतिको जीवित म्युजियम' भन्न सकिन्छ ।

रुसका बौद्ध धर्मका अनुयायीहरूले नेपालको हिमाली र पहाडी क्षेत्रमा बस्ने जनजातिहरूले बाह्रवर्षे चक्रप्रणालीसहित चन्द्रमासअनुरूप मनाउने नयाँ वर्ष ल्होसारलाई नै ठूलो चाडका रूपमा मनाउँछन् । यस वर्ष दुवैतिर कुकुर वर्ष मनाएका छन् । नुनिलो चिया पिउन दिने, खादा चढाउने र पाहुनालाई सम्मान गर्ने तरिकामा दुवैतर्फ समानता पाइन्छ ।

रुसमा बौद्धहरूले मण्डल र बौद्ध देवदेवीहरूका आकृतिसहितको थाङ्का झुन्ड्याउने मात्र होइन, रङ्गीन बालुवा राखेर धार्मिक विधिपूर्वक मण्डल बनाउने लोकप्रिय प्रचलन छ । त्यसलाई बिसर्जन गर्दा एक अंश प्रसादका रूपमा वितरण गर्ने र अरू खोलामा लगेर सेलाउने प्रचलन छ । मुकुन्डो लगाएर नाच्ने र विविध बाजाहरू बजाउने कुरामा पनि नेपाल र रुसी बौद्धहरूका बीचमा समानता पाइन्छ ।

रुसमा अवतारी लामाहरूको प्रचलन छ । दलाई लामालाई बेग्लै अग्लो आसन बनाएर फोटो भएपनि राख्ने प्रत्येक गुम्बाभित्र निर्धारित विशिष्ट स्थान

हुन्छ । त्यसको मुन्तिर अन्य लामाहरूका लागि आसन निर्धारित गरिएको हुन्छ । सन् १९९० को दशकमा चौधौं दलाई लामाले रुसको भ्रमण गरी बौद्ध क्षेत्रमा कालचक्र धर्मदेशना गर्नुभएको उल्लेखनीय छ ।

रुसमा पनि धामी, झाँक्री, बोन र सामानिजमका पुराना प्रभावहरू अद्यापि बाँकी छन् । ढ्याङ्ग्रो बजाउने र प्राकृतिक उपचार गर्ने प्रचलन छ । कतिपयले बौद्ध प्रचलनअन्तर्गत नै यस्ता परम्परालाई आत्मसात् गरिसकेका छन् । आकाश, जमीन र आगोलाई औंला चोपेर चढाएर मात्र जाँड-रक्सी पिउने प्रचलन त्यहाँ पनि छ । पाहुनालाई खादा चढाउने र उपहार दिनेसहित आत्मीय रूपमा सत्कार गर्छन् । विशिष्ट पाहुनालाई भेडा काटेर स्वादिष्ट अङ्ग खान दिने रोचक प्रचलन पनि छ ।

नागपूजा, भूमिपूजा, पानीको स्रोतको पूजा, तोरणसहितको धार्मिक झन्डा गाड्ने र मन्त्र छापी माला उनेर सजाउने र माने घुमाउने प्रचलन रुसका बौद्धहरूमा छ । पर्यावरण संरक्षण चेतना पनि रुसी बौद्धहरूका बीचमा देखिन्छ । प्रत्येक गुम्बामा परम्परागत स्वास्थ्योपचार गर्ने लामाहरू हुन्छन् । बेग्लै पन्नाहरूसहितका धार्मिक पुस्तकहरू छाप्ने प्रेस गुम्बाभित्रै हुन्छ । प्रत्येक गुम्बामा धार्मिक पुस्तकहरूको सङ्ग्रहालय हुन्छ । जनता र लामाहरूको बीचमा पानी र माछाको जस्तो नजिकको आत्मीय सम्बन्ध कायम भएको देखिन्छ ।

(लेखक रुसको लागि राजदूत भएर त्यहाँ रहँदा लेख्नुभएको लेख)

# अनिच्चावत संखारा...

जन्म
वि.सं. १९७६/०६/१५



निधन
वि.सं. २०६६/०९/२६

**स्व. चन्द्रमान बज्राचार्य**

धर्मशीला बुद्ध विहार ज्ञानमाला संघका भूतपूर्व सभापति सुवर्ण बज्राचार्यज्यूको पूजनीय पिताज्यू **चन्द्रमान बज्राचार्य** ९३ वर्षको उमेरमा देहावसान भएकोमा हामीलाई गहिरो चोट लागेको छ । दिवगत चन्द्रमान बज्राचार्य शाक्य समाजका अग्रणी व्यक्तित्व, भूतपूर्व सभापति तथा गुठीका नायो पनि हुनुहुन्थ्यो । उहाँले बालगोपाल भजन गुठीका संस्थापक सभापति भएर अन्तिम समयसम्म काम गर्नुभयो । उहाँले धार्मिक तथा सामाजिक क्षेत्रमा ठूलो सेवा गर्नुभयो । हामी उहाँको सुखावती भुवनमा बास होस् भन्ने कामना गरी शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं ।

***बौद्ध उपासिका संघ***
युवा बौद्ध संघ

***ज्ञानमाला संघ***
दायक सभा

## धर्मशीला बुद्ध विहार, पोखरा




# बुद्धबारे भ्रामक सन्देश

दीनानाथ शर्मा

फरिद जाकरिया सुपरिचित अमेरिकी लेखक तथा राजनीतिक विश्लेषक हुन् । अमेरिकाबाट प्रकाशित हुने न्युजविक साप्ताहिकका सम्पादक, अन्तर्राष्ट्रिय गतिविधिका नियमित लेखक तथा अमेरिकी टेलिभिजन च्यानल सीएनएनका सञ्चालक पनि । जाकरियाले धेरै किताब लेखेका छन् । तीमध्ये स्वतन्त्रताको भविष्य 'द फ्युचर अफ फ्रिडम्' सर्वाधिक बिक्री हुने किताबमध्ये एक हो । नोबल शान्ति पुरस्कार विजेता हेनरी किसिन्जरलगायतले उक्त पुस्तकको मुक्तकण्ठले प्रशंसा गरेपछि उनको कद ह्वात्तै बढ्यो ।

मैले केही समय पहिले उनको पछिल्लो पुस्तक अमेरिकी विश्वपछि 'द पोस्ट अमेरिकन वर्ल्ड' प्रकाशित हुँदैछ भन्ने विज्ञापन पढेको थिएँ र त्यो किताबप्रति मेरो लगाव बढेको थियो । एकदिन एकजना कुटनीतिक नियोगमा काम गर्ने मित्रसित ठमेलको कफी हाउसमा भेट भयो । अध्यक्ष क. प्रचण्डको हालैको चीन भ्रमणबारे समीक्षा भयो । नेपालको भारत र चीनसितको कुटनीतिक सम्बन्ध कस्तो हुनुपर्ला भन्नेबारे कुरा भयो । कुरा तन्किदै गयो । एसिया र विश्वकै आर्थिक राजनीतिक भविष्यबारे केहीबेर छलफल भयो ।

वर्तमान विश्वको मूल 'ट्रेन' शक्ति र आर्थिक प्रगति हो । आगामी युगको नेतृत्व एसिया महाद्वीपले गर्नेछ भन्ने कुरा उनले राखे । एउटा युगको नेतृत्व युरोपले गऱ्यो भने वर्तमान युगको नेतृत्व अमेरिकाले गर्दै आएको छ । वर्तमान युग साम्राज्यवाद र सर्वहाराक्रान्तिको युग हो । साम्राज्यवाद र उत्पीडित राष्ट्र र त्यहाँका जनताबीचको अन्तरविरोधले विश्वलाई नयाँ समाधानको माग गरेको छ । ऐतिहासिक भौतिकवादी हिसावले अब धेरै समय अमेरिकाले नयाँ युगको नेतृत्व गर्न सम्भव छैन । अबको पालो एसियाली, अफ्रिकी, लेटिन अमेरिकी देशको हो भन्ने बहस जाकरियाले पनि चलाएका छन् । छलफलका दौरान 'संसारको सबभन्दा ठूलो जनसंख्या, भूगोल र स्रोतसाधन सम्पन्न देश चीनले विगत आधा शताब्दीमा गरेको आर्थिक विकासले संसारलाई प्रभावित गर्दै लगेको छ । त्यस्तै रूस, जापान, कोरिया, भारतलगायतका देशहरूले हरक्षेत्रमा गरेको विकासले पनि त्यसको पुष्टि गर्छ भन्ने कुरा विश्वका आर्थिक तथा राजनीतिक विश्लेषकहरूको निष्कर्ष छ । फरिद जाकरिया र उनको पछिल्लो प्रकाशन 'द पोस्ट अमेरिकन वर्ल्ड' पुस्तकमा यो कुराको राम्रो विश्लेषण छ' भन्ने चर्चा पनि चलेको थियो ।



एकदिन फुर्सद निकालेर पुस्तक किन्न गएँ । केही पुस्तक किनें । जाकरियाको किताबलाई पहिलो प्राथमिकता दिएँ । किताब अद्योपान्त पढें । मैले यहाँ उनको किताबबारे विस्तृत टिप्पणी गर्न गइरहेको छैन । मैले पढ्दै जाँदा किताबको १ सय ५४ पृष्ठको अन्तिम प्याराग्राफमा गम्भीर र आपत्तिजनक प्रसंग भेटें । एउटा स्वतन्त्र सार्वभौम राष्ट्रको स्वाभिमानी नेपालीलाई उनको त्यो लेखाइले गहिरो चोट पुऱ्यायो । व्यवस्थापिका संसद् को कार्यव्यवस्था परामर्श समितिको बैठकमा त्यसलाई गम्भीर रूपमा उठाएँ । त्यो कुरा गृहमन्त्रीमार्फत संस्कृतिमन्त्रीसम्म पुगेछ र राष्ट्रपतिको ध्यानाकर्षण गराएको कुरा पनि जानकारी भयो । जाकरियाको बौद्धिक क्षमता र राजनीतिक विश्लेषणको चर्चा र प्रशंसा भइरहेको बेला आफ्नो महत्त्वपूर्ण ग्रन्थमा विषवाक्यको प्रयोग गरेर सम्पूर्ण देशभक्त नेपालीको मुटुमा मात्र होइन, करोडौं बौद्धमार्गीहरूको मुटुमा तीर रोप्ने काम उनले किन गर्नुपरेको होला ?

जाकरियाले 'विश्वहिन्दू दृष्टिकोण' भन्ने उपशीर्षक अन्तर्गत लेख्छन्, 'बुद्ध भारतीय थिए र बुद्धिजम् भारतमा पत्ता लगाइको थियो तर त्यो देशमा वास्तवमा कुनै बुद्धिष्ट छैनन् ।' बुद्ध नेपाली थिए र नेपालमा जन्मेका थिए । बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ । लुम्बिनी कुनै युगमा पनि विदेशीको अधिनमा थिएन । बरू इशापूर्व ६ सय २५ वर्ष पहिलेदेखि नै गोरखपुरभन्दा पर कुशीनगर (जहाँ बुद्धको अन्तिम समाधि छ) सम्म नेपाल फैलिएको थियो भन्ने कुरा अध्ययन र अनुसन्धानको विषय बनेको छ ।

प्रसिद्ध मौर्य सम्राट अशोकले इपू २४९ मा लुम्बिनीको तीर्थयात्रा गरेका थिए । उनले 'हिद बुद्ध जाते शाक्यमुनिति' (यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएको थियो) भन्ने शिलालेखसहितको प्रसिद्ध अशोकस्तम्भ खडा गरे, जुन ज्यूँदो प्रमाणको रूपमा हालसम्म संसारसामु खडा छ । बुद्धको जन्मस्थल लुम्बिनीलाई संयुक्त राष्ट्र संघले सन् १९९७ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरेको कुरा विश्वलाई थाहा छ । राष्ट्रसंघको छहारीमुनि घरजम गरेर संसारको महत्त्वपूर्ण मिडिया न्युजविक र सीएनएनको जिम्मेवार व्यक्तिलाई बुद्ध लुम्बिनीमा जन्मेका हुन् र लुम्बिनी नेपालमा पर्छ भन्ने कुरा जानकारी हुनै सकेन भनेर कसरी विश्वास गर्ने ?

बुद्धबारे जाकरियाले त्यति राम्रो जानकारी नभएर यो लेखेका हुन् ? हामी त्यो मान्न तयार छैनौं । सबै धर्मको अद्योपान्त व्याख्या विश्लेषण गर्न सक्ने व्यक्ति बुद्धको जन्मस्थलबारे अनभिज्ञ छन् भन्न मिल्दैन । जाकरिया भारतीय मूलका अमेरिकी नागरिक हुन् । केही भारतीयहरू बुद्ध भारतमा जन्मेको भनेर जानीबुझी बेइमानीपूर्ण प्रचारबाजी गरिरहेका छन् । भारतमा नक्कली लुम्बिनी छ भनेर प्रचार गर्ने बेइमानी हुँदै आएको कुरा हामी सबैलाई थाहै छ । स्कुल कलेजको पाठ्यक्रममा बुद्ध भारतमा जन्मेका थिए, भारतीय हुन् भनेर अबोध बालबालिकालाई बेइमानीपूर्ण झुठ शिक्षा दिएर कलिलो दिमागलाई प्रदूषित गरेका छन् । यो भारतीय शासकवर्गको बलमिचाइँ र विस्तारवादी हर्कतको भद्दा अभिव्यक्ति हो । हामी त्यसप्रकारको हर्कतको भण्डाफोर र विरोध गर्दै आएका छौं ।

त्यसो त नेपालको उच्च शिक्षाको प्राधिकार र आधिकारिक केन्द्र त्रिविविको पाठ्यक्रममा पनि बुद्ध भारतीय थिए भन्ने कुरा घुसाइयो भनेर गत वर्ष बवाल भएको थियो । नेपालमा उच्चशिक्षाको तहसम्म नेपाली आवरणमा भारतीय आत्मा बोकेका व्यक्तिको घुसपैठको नेपालको उच्चशिक्षाको तहसम्म पुगेको हेक्का राख्न नसक्ने त्रिवि प्रशासन र पदाधिकारी बौद्धिक हैसियत र राष्ट्रप्रतिको जिम्मेवारी कति बहन गर्ने रहेछन् भन्ने कुरा प्रस्ट भयो ।

बुद्ध दर्शनका लागि नेपाल आउने लाखौं कोरियन, इन्डोनेसियाली, चाइनिज, जापानी, थाई वा संसारको जुनसुकै देशका बौद्धिष्टहरूले जाकरियाको यो किताब पढेपछि के भन्लान् ? तर जे भएपनि बुद्धबारे कम जानकारी राख्ने बाँकी विश्वमा जाकरियाको त्यो भनाइले ठूलो भ्रम सिर्जना गरेको छ । जान वा अञ्जानमा लेखिएको उक्त वाक्यलाई जाकरियाले फिर्ता लिनुपर्छ । आगामी संस्करणमा त्यसलाई सच्चाउनुपर्छ । उनीजस्तो जिम्मेवार बौद्धिक व्यक्तित्वले नेपाली जनता

र विश्वबौद्धिक समुदायसामु गल्ती लेखिन गएकोमा क्षमायाचना गर्नुपर्छ । के फरिद जाकरिया त्यसका लागि तयार होलान् ?

एक सामान्य मानिसको अज्ञानताबाट बुद्ध भारतीय हुन् भन्ने लेखिएको भए त्यसलाई गम्भीर रूपमा उठाउनुपर्ने थिएन । विश्वको चर्चित मिडियाका जिम्मेवार र चर्चित व्यक्तिले आधिकारिक रूपमा विश्वसामु पस्केको गल्तीको पुलिन्दालाई चुपचाप सहन मन मानेन । लुम्बिनी पुगेर फेरि एकपटक पावन भूमिका स्पर्श गरें । लुम्बिनी विकास कोषका पदाधिकारीहरू र कर्मचारीहरूसितसमेत यसै विषयमा अन्तरक्रिया भयो । विश्व सम्पदा सूचीमा सूचीकृत गरेको पत्र, जुन प्रवेशद्वारमा ताम्रपत्रमा राखिएको छ, लाई क्यामेरामा कैद गरें ।

अशोकस्तम्भमा लेखिएको पाली भाषाको ऐतिहासिक प्रमाणलाई पनि छाडिनँ । घर फर्कें र राहुल सांस्कृत्यायनको दर्शन दिग्दर्शन फेरि एकपटक अध्ययन गरें । उनी पनि बुद्ध जन्मस्थल लुम्बिनी आएका थिए तर उनले लुम्बिनी भारतमा पर्छ भनेर कतै लेखेनन् । अमेरिकी मिडियामा गोएवल्स शैलीको वर्चस्व रहने गरेको छ । अमेरिकी मिडियामा काम गर्ने संसारको जुनसुकै देशमा जन्मेको भएपनि त्यो शैलीको प्रभाव पर्नु स्वाभाविकै हो । गौतम बुद्ध साँच्चै भारतीय हुन् भनेर प्रमाणित गर्न जाकरिया तयार छन् । यदि त्यसो होइन भने र उनी जिम्मेवार लेखक, विश्लेषक र पत्रकार हुन् भने उनले विश्वसामु आफ्नो मिडियामार्फत भूल स्वीकार गरेर आफ्नो इमान्दारी प्रकट गर्ने साहस गर्नुपर्छ । के त्यो सम्भव होला ?

साभार: समाचार पत्र दैनिक

(खण्डनको लागि धन्यवाद । यस्तो भ्रम बराबर सिर्जना भैरहेकोले बुद्ध नेपालमा जन्मेका हुन् भनेर संविधानमा लेखी सूचीकृत गरियोस् भन्ने हाम्रो आग्रह छ । - सम्पादक)

# अनिच्चावत संखारा...

**जन्म**
वि.सं. १९७९ चैत्र १४ गते



**निधन**
वि.सं. २०६६ पौष १५ गते

## स्व. चिनीमायाँ राजभण्डारी

धर्मशीला बुद्ध विहार उपासिका संघका सदस्य तथा ज्ञानमाला संघका शुभचिन्तक **चिनीमायाँ राजभण्डारी** को ८७ वर्षको उमेरमा काठमाडौंमा निधन भएकोमा हामीलाई अत्यन्त दुःख लागेको छ । उहाँले अनागारिका धर्मशीलाको पालादेखि नै गुरुमाको नजिकमा रही विहारको सेवा गर्नुभएको थियो । हामी उहाँको शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं र उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

*बौद्ध उपासिका संघ* — *ज्ञानमाला संघ*
युवा बौद्ध संघ — दायक सभा

**धर्मशीला बुद्ध विहार, पोखरा**

# बुद्धबारे भ्रम




प्रा.डा. दयानन्द वज्राचार्य

भारतीय मूलका अमेरिकी पत्रकार फरिद जकारियाको पुस्तक 'पोस्ट अमेरिकन वर्ल्ड'मा बुद्धको जन्म र बौद्धधर्मको उत्पत्ति भारतमा भएको उल्लेख गरेकोमा केही समयअघि दिनानाथ शर्माले आपत्ति जनाएका थिए । जकारियाले गलत नियतले जानी-जानी आफ्नो पुस्तकमार्फत विश्वलाई बुद्धको जन्मस्थल भारत भएको झुटो सन्देश दिन खोजेका शर्माको निष्कर्ष थियो । हुन पनि जकारियाजस्ता बौद्धिक व्यक्तिलाई बुद्धको वास्तविक जन्मस्थल नेपाल हो भन्ने सामान्य ज्ञान नभएको विश्वास गर्न गाह्रो छ । आफ्नो विदेश भ्रमणका क्रममा मैले पनि पश्चिमी मुलुकमात्र नभएर दक्षिण कोरिया, जापान, चीन, भियतनाम, थाइल्याण्डजस्ता ठूलो सख्यामा बौद्धधर्म अनुयायी भएका देशमा समेत धेरै शिक्षित व्यक्तिलाई बुद्धको जन्मस्थल लुम्बिनी हो र उक्त भूभाग नेपालमा पर्छ भन्ने ज्ञान नभएको पाएको छ ।

केही वर्षअघि दक्षिण कोरियामा आयोजित एक वैज्ञानिक सम्मेलनमा भाग लिएँको थिएँ । सम्मेलनपछि विदेशी पाहुनालाई सम्मेलनका आयोजकद्वारा कोरियाको विभिन्न शहर अनि राजधानी सोलबाट केही टाढा रमणीय पहाडमा अवस्थित एक बौद्धस्थलको भ्रमण गराइएको थियो । पाहुनाहरू बोकेको टुरिस्ट बसमा एक पेसावर महिला टुरिस्ट गाइड पनि थिइन् । उनले सायद यस्तो गलत सन्देश धेरै वर्षदेखि विदेशी एवम् स्वदेशी पर्यटकलाई दिँदै आएकी थिइन् । एक पेसावर टुरिस्ट गाइडलाई समेत बुद्धको जन्मस्थल नेपाल हो भन्ने ज्ञान नभएको थाहा पाउँदा निकै अचम्म लागेको थियो । मैले आफू नेपालबाट आएको परिचय दिँदै बसभित्रै उनलाई बुद्ध जन्मेको देश भारत होइन, नेपाल हो भनी सच्याउन खोज्दा उनी अकमक्क परेकी थिइन् । ती कोरियाली महिलालाई वास्तवमै बुद्धको जन्मभूमि नेपाल हो भन्ने थाहा रहेनछ । उनले विद्यार्थी छँदा बुद्धको जन्म र बौद्धधर्मको उत्पत्तिस्थल भारत भनेर पढेकी रहिछन् । बुद्धको जन्मस्थल र नेपालबारे थप अध्ययन गर्न मैले उनलाई आग्रह गरेको थिएँ । उनीमात्र होइन, बसमा यात्रा गरिरहेका सबैजसो विदेशी पाहुनालाई पनि लुम्बिनीबारे र बुद्ध जन्मिएको देश नेपाल हो भन्ने थाहा रहेनछ ।

बौद्धस्थल पुग्दा त्यहाँ कोरियाली एवम् विदेशी पर्यटकको ठूलो घुइँचो थियो । शैक्षिक भ्रमणमा आएका विद्यार्थीको पनि निकै ठूलो भीड थियो । मन्दिरभित्र ढुङ्गाबाट निर्माण गरिएको बुद्धको विशाल तथा आकर्षक मूर्ति थियो । उक्त मूर्ति धेरै वर्ष अघि भारतबाट आएका मूर्तिकारले तयार पारेको रहेछ । सायद यस्तै कारणले होला, त्यहाँ विभिन्न समूहमा पर्यटकलाई बुद्धको जीवनीबारे जानकारी दिइरहेका अन्य टुरिस्ट गाइडले पनि बुद्ध भारतमा जन्मिएको र बौद्धधर्म भारतबाट आएको बताइरहेका थिए । त्यहाँका केही भिक्षुगणलाई सोध्दा उनीहरूलाई पनि बुद्ध नेपालको लुम्बिनीमा जन्मिएको भन्ने ज्ञान रहेनछ । कोरियामात्र होइन, जापान, चीन, थाइल्याण्ड र भियतनामजस्ता बहुसख्यक बौद्धधर्म अनुयायी भएका मुलुकको बौद्धस्थलहरू भ्रमण गर्दा मैले यस्तै अनुभव गरेको थिएँ । यी देशका थुप्रै मानिसलाई बुद्ध नेपालमा जन्मिएको भन्ने सामान्य ज्ञान रहेनछ । उनीहरू वास्तवमै बुद्धको जन्म भारतमा भएको ठान्छन् । यो मेरो व्यक्तिगत अनुभव हो ।

धेरै विदेशीलाई बुद्ध जन्मेको देश नेपाल नभएर भारत हो भन्ने भ्रम सिर्जना हुनुको प्रमुख कारण एकातिर भारतका विभिन्न पक्षले विभिन्न माध्यमबाट बुद्ध भारतमा जन्मिएका हुन् भन्ने गलत सन्देश समय-



समयमा विश्वलाई दिदै आउनु हो । त्यस्तै यसमा नेपालको पनि कमजोरी छ । नेपालले यसको सशक्त प्रतिवाद गर्दै बुद्धको जन्मभूमि भारत नभएर नेपाल हो भन्ने सही सन्देश विश्वभर प्रभावकारी ढङ्गले फैलाउन सकेको छैन ।

कुनै विदेशीले बुद्ध भारतमा जन्मिएको भन्दा हामी आक्रोशित हुन्छौं र त्यसको विरोध गर्छौं । केही वर्षअघि एउटा हिन्दी सिनेमामा बुद्ध भारतमा जन्मिएको भनेर देखाउँदा नेपालीहरू निकै आक्रोशित भएका थिए र सिने निर्माता एवम् भारत विरूद्ध देशका विभिन्न भागमा जुलुस, हडताल र नाराबाजी भएका थिए । तर भावुकतावश गरिएका यस्ता आँधी-हुरीजस्ता प्रतिक्रिया क्षणिक हुन्छन् । हाम्रो आक्रोश पनि केही समयपछि शान्त हुन्छ, चियाको कपमा आएको आँधीजस्तो । अनि हामी सबैकुरा बिर्सिदिन्छौं । हामी बुद्ध जन्मिएको देशको नागरिक भनेर गर्वमात्र गर्छौं, तर बुद्धको जन्मस्थल भारत नभएर नेपाल हो भन्ने सन्देश विश्वमा फैलाउन कुनै समझदारीपूर्ण प्रयास गर्दैनौं । स्थानीय पत्रपत्रिकामा भारतको विरोध गरेरमात्र अन्तर्राष्ट्रिय जगतमा बुद्धको जन्मभूमिबारे व्याप्त भ्रमलाई निर्मूल गर्न सकिन्न । यसका निम्ति हामीले अन्तर्राष्ट्रिय स्तरमै प्रयास गर्न आवश्यक छ ।

विदेशमा प्रकाशित धेरै पुस्तकमा आज पनि बुद्ध भारतमा जन्मिएको उल्लेख गरिएको पाइन्छ । तसर्थ विदेशस्थित नेपाली दूतावासले कम्तीमा स्थानीय शैक्षिक संस्थामा प्रयोग गरिने पाठ्यपुस्तकको अध्ययन गरी त्यसलाई सच्याएर भारतको ठाउँमा नेपाल लेख्न लगाउन सम्बन्धित पुस्तकका लेखक, प्रकाशक एवम् ती देशका परराष्ट्र वा शिक्षा मन्त्रालयजस्ता सम्बन्धित निकायलाई अनुरोध गर्नुपर्छ । यसैगरी नेपाली दूतावासले स्थानीय स्कुल तथा अन्य शैक्षिक संस्थाका विद्यार्थी एवम् शिक्षकसँग नियमित अन्तरक्रिया गरी बुद्धको जन्मभूमि नेपाल हो भन्ने सन्देश दिने काम गर्नुपर्छ । यसो गर्न सके ती देशका युवा पुस्तामा बुद्धको जन्मभूमिबारे भ्रम हटाउन मद्दत पुग्नेछ ।

सन् २०११ लाई नेपाल पर्यटन वर्षका रूपमा मनाइदैछ । पर्यटकलाई नेपाल भ्रमणका लागि आकर्षित गर्न पर्यटनसँग सम्बन्धित विभिन्न निकायले विभिन्न प्रकारका प्रचार-प्रसारका सामग्री तयार पारी देश-विदेशमा वितरण गर्ने गरेका छन् । पर्यटन क्षेत्रबाट गरिने हरेक प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञापनको एक मूल सन्देश बुद्धको जन्मभूमि लुम्बिनी हो र लुम्बिनी नेपालमा पर्दछ भन्ने हुनु जरूरी छ । आयको युग सूचना प्रविधिको युग हो । तसर्थ बुद्ध जन्मिएको देश नेपाल हो भन्ने सन्देश बीबीसी, सीएनएन, अल्जजिराजस्ता विश्वभर प्रसारण हुने नाम, चलेका टीभी च्यानलमा बारम्बार विज्ञान गरिनुपर्छ । बुद्धको जन्मभूमिबारे विद्यमान भ्रमको एक मुख्य स्रोत भारत भएकोले त्यहाँका प्रमुख टीभी च्यानलबाट पनि बुद्ध जन्मिएको देश नेपाल हो भन्ने सन्देश विज्ञापनमार्फत

प्रसारण गरिनुपर्छ । यस्तो विज्ञापनका लागि पैसा खर्च गर्न राष्ट्रले कन्जुस्याइँ गर्नु हुँदैन । यसो गरेमा भारत लगायत विश्वका अर्बौं मानिसले बुद्ध नेपालमा जन्मिएका हो भन्ने वास्तविक ज्ञान पाउनेछन् ।

बुद्धलाई महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले यस धर्तीमा आजसम्म जन्मिएका मानवमध्ये सबैभन्दा महान दार्शनिक भनेका थिए । यस्ता महामानव जन्मिएको देश भएर पनि नेपालले आफूलाई बुद्ध दर्शनको अध्ययन र अनुसन्धानको विश्वकेन्द्रको रूपमा विकास गर्न सकेको छैन । बुद्ध दर्शन, धर्म र संस्कृतिबारे अध्ययन, अध्यापन र अनुसन्धान गर्न-गराउन लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना गरिएको छ । तर स्थापना भएको यतिका वर्ष भइसक्दा पनि उक्त विश्वविद्यालय राम्ररी सञ्चालन हुन सकेको छैन । अहिले यस विश्वविद्यालयको अस्तित्व नै सङ्कटमा परेको देखिन्छ ।

यसैगरी बुद्धको जन्मस्थल लुम्बिनी समग्र विकास गर्न र लुम्बिनीलाई विश्वमा चिनाउन लुम्बिनी विकास कोषको स्थापना भएको छ । तर लुम्बिनीको यथोचित विकास हुनसकेको छैन । लुम्बिनीको अहिलेसम्मको विकासमा नेपालीको भन्दा विदेशीको बढी योगदान देखिन्छ । विश्व सम्पदाको सूचीमा समावेश लुम्बिनीलाई हामीले विश्वलाई राम्ररी चिनाउनसकेका छैनौं । विश्वलाई जति सगरमाथाबारे जानकारी छ, त्यति लुम्बिनीबारे छैन । लुम्बिनी र लुम्बिनी बौद्ध विश्वविद्यालयको विकासप्रति राज्य उदासीन छ । बत्तीमुनि अँध्यारो भनेजस्तै बुद्धको जन्मभूमि नेपालमा हामी नेपालीले नै बुद्ध र बुद्ध दर्शनको महत्व र उपादेयतालाई राम्ररी मनन गर्नसकेका छैनौं ।

कान्तिपुर दैनिक
२०६६ फागुन ८

# अनिच्चावत संखारा...



जन्म
वि.सं. १९९५ आषाढ १० गते

निधन
वि.सं. २०६६ पौष ९ गते

## स्व. राममाया उदास

धर्मशीला बुद्ध विहार युवा बौद्ध संघका सदस्य तथा ज्ञानमाला संघका शुभचिन्तक सन्देश उदासको पूजनीय माता **राममाया उदास** को ७१ वर्षको उमेरमा निधन भएकोमा हामीलाई धेरै दुःख लागेको छ । हामी दिवंगत राममाया उदासप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं । हामी दिवंगत उदासको सुखावती भुवनमा बास होस् भन्ने कामना गरी शोक सन्तप्त परिवार जनप्रति समवेदना प्रकट गर्दछौं ।

**दायक सभा**
**युवा बौद्ध संघ**

**बौद्ध उपासिका संघ**
**ज्ञानमाला संघ**

**धर्मशीला बुद्ध विहार, पोखरा**

# दशौं राष्ट्रिय बौद्ध सम्मेलन: सिंहावलोकन



रीना तुलाधर

'लुम्बिनीको विकास: राष्ट्रिय प्रतिष्ठा'को अवधारणा लिई शुरू भएको दशौं राष्ट्रिय बौद्ध सम्मेलन गत पुस ३ गते लुम्बिनीमा धर्मोदय महाचैत्यको परिसरमा छवटै लुम्बिनी घोषणापत्र जारी गरी सम्पन्न भएको छ ।

राष्ट्रपति डा. रामवरण यादवद्वारा प्रमुख आतिथ्य ग्रहण र समुद्घाटन गरिएको समारोहमा राष्ट्रपतिले भगवान बुद्धको जन्मभूमि नै आफ्नो मातृभूमिको रूपमा पाउँदा सम्पूर्ण नेपालीको गौरव र प्रतिष्ठा बढेको बताउनुभएको थियो । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक बुद्धभूमि नेपाल धर्म निरपेक्ष गणतन्त्र राष्ट्रमा परिणत भइसकेको र यतिबेला राष्ट्र निर्माण र विकासको लागि शान्ति सुव्यवस्थालाई संस्थागत गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा उल्लेख गर्दै उहाँले बुद्धको जन्मभूमि नेपालमा शान्तिपूर्वक छिटै संविधान लेख्ने कार्य पूरा होस् भन्ने अपेक्षा राख्नुभएको थियो ।



समुद्घाटन समारोहमा उपस्थित संस्कृतिमन्त्र एवम् लुम्बिनी विकास कोषका अध्यक्ष मीनेन्द्र रिजालले दशौं राष्ट्रिय बौद्ध सम्मेलनको सफलताले बुद्ध जन्मेको ठाउँ भारतमा पर्दछ भन्ने भ्रमपूर्ण प्रचारलाई रोक्नको लागि मद्दत पुग्नेछ भन्नुभयो । त्यस्तै श्रीलंकाका राजदूत थोसापाला हेवागेले लुम्बिनीमा गुरु योजनाअनुसार पूरा काम भएको छैन, यो धार्मिकका साथै पर्यटकीय स्थलको रूपमा पनि विकसित गर्न यहाँ आधारभूत विकासको अत्यन्त जरूरी भएको उल्लेख गर्नुभएको थियो । थाइलैण्डका राजदूत मारिस संयिगम पोडसाले 'धर्मोदय सभाको यस आयोजनाले नेपालमा बौद्ध समुदायको बीच एकताको भावना आउनेछ भन्ने विश्वास छ' भन्नुभयो ।

धर्मोदय सभाद्वारा निर्माणाधीन धर्मोदय महाचैत्यको परिसरमा सम्पन्न भएको दशौं राष्ट्रिय बौद्ध सम्मेलनको अघिल्लो दिन पुस १ गतेका दिन धर्मोदय महाचैत्य धम्महलभित्र स्वर्ण बुद्ध प्रतिमाको पनि उद्घाटन भएको थियो । हलभित्र स्थापित १६ फिटको स्वर्ण बुद्ध प्रतिमाको तीनवटै बौद्धयान थेरवाद, महायान तथा बज्रयानका वरिष्ठ धर्मगुरुहरूद्वारा तीनै किसिमका विधि पूजाबाट प्रतिस्थापन पूजा गरिएको थियो । जुन पूजा एउटा नमूनाको रूपमा लिन सकिन्छ । नेपालमा प्रचलित तीनवटै बौद्ध यानको एकता स्वरूप सम्मेलनको समुद्घाटनको दिनमा पनि तीनवटै यानका धर्मगुरुहरूले आ-आफ्नो विधिअनुसार मगलकामनाको प्रार्थना गरी सम्मेनलको थालनी गर्नुभएको थियो । जसलाई एकताको प्रतीकको

रूपमा लिन सकिन्छ ।

धर्मोदय सभाले १० वटासम्म राष्ट्रिय सम्मेलन गरिसकेको छ । तर यसपालि धर्मोदय सभाकै तत्त्वावधानमा निर्माणाधीन धर्मोदय महाचैत्यको परिसरमा सम्मेलन हुनु, धम्महल, स्वर्ण बुद्ध प्रतिमा, स्वर्ण बज्रधातु तथा चैत्यभित्र अमिताभ बुद्ध, शाक्यमुनि बुद्ध तथा मैत्री बोधिसत्व गरी ८ सयभन्दा बढी साना बुद्ध प्रतिमाहरू स्थापना हुनु दशौं राष्ट्रिय बौद्ध सम्मेलनको एउटा विशेष पहिचान हो । धर्मोदय सभाले हरेक दुई वर्षमा सम्मेलनको आयोजना गर्दै आएको छ । धर्मोदय सभाले निर्माण गरेको धर्मोदय महाचैत्यपरिसरको भविष्यमा सुरक्षा पनि धर्मोदय सभाले नै जिम्मा लिनेछ भन्ने धर्मावलम्बीहरूले आशा लिएको छ । जो एउटा अति आवश्यक कदम पनि हो र लुम्बिनी विकास कोष र धर्मोदय सभाको संयुक्त प्रयासले यसको सुरक्षा गरेमा निकै राम्रो हुनेछ ।

समुद्घाटन समारोहमा नेपालमा उल्लेखनीय बुद्ध शासनिक योगदान दिने व्यक्तित्वलाई धर्मोदय सभाले हरेक २/२ वर्षमा दिँदै आएको 'धर्मोदय धम्म पुरस्कार' यो पालि राष्ट्रपति डा. रामवरण यादवको हातबाट तिलकमान गुभाजूलाई प्रदान गरिएको थियो ।

दशौं राष्ट्रिय बौद्ध सम्मेलनको सफलताको लागि प्रधानमन्त्रीलगायत विश्व बौद्ध भातृत्व संघ तथा अन्य संघसंस्थाहरूबाट शुभकामना सन्देश प्राप्त भएको थियो । 'विश्व शान्तिका प्रतीक महामानव गौतम बुद्धको जन्मस्थल नेपालमा हुनु हामी सबैको लागि गौरवको विषय हो । विश्वमा शान्तिको मुहानको रूपमा चिनिएको लुम्बिनीलाई हामीले हाम्रो मुलुकमा दिगो शान्ति कायम गर्दै विश्वमा शान्तिको सन्देश दिनसक्नु अहिलेको आवश्यकता हो । यसतर्फ धर्मोदय सभाले रचनात्मक सहयोग पुऱ्याउन सक्ने आशा लिएको छु' प्रमको शुभकामना सन्देशमा उल्लेख गरिएको थियो ।

४२ जिल्लाबाट १ हजारभन्दा बढीको सहभागिता रहेको दशौं राष्ट्रिय बौद्ध सम्मेलनको दोस्रो दिन 'लुम्बिनी विकास र धर्माचरण' विषयमा उप-प्राध्यापक देवेन्द्रराज शाक्यद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो । सो कार्यपत्रमाथि भिक्षु कोण्डन्यले विशद् टिप्पणी गर्नुभएको थियो । त्यसपछि कार्यपत्रमाथि सहभागीहरूद्वारा व्यापक छलफल तथा टिप्पणी गरियो । समूहगत छलफलको कार्यक्रममा 'राष्ट्रिय जनगणना र बौद्ध जागरण', 'लुम्बिनी विकास र बुद्ध शिक्षा', 'धर्म निरपेक्षता र लोकतन्त्र', 'लुम्बिनीको सुरक्षा तथा वातावरण' विषयहरूमा छलफल भएको थियो । कार्यपत्रको विषय र छलफल गर्न छानिएका विषयहरू बुद्ध धर्मको संरक्षण, प्रचारप्रसार तथा लुम्बिनीको विकास गर्नका लागि भविष्यमा कोशेढुङ्गाको रूपमा सावित हुनेछन् । छलफलको निचोडबाट जारी गरिएको ६ बुँदे लुम्बिनी घोषणापत्रमा उल्लेख गरिएका बुँदाहरू यसप्रकार छन्:

१) २०६८ सालमा हुने जनगणनामा समानुपातिकरूपमा अवसर दिलाउनुपर्ने ।
२) राज्यमा घोषणा भइसकेको धर्म निरपेक्षताको कार्यान्वयन निष्पक्ष रूपमा गर्नुपर्ने ।
३) बौद्ध धार्मिकस्थलमा अबौद्ध क्रियाकलाप हुन नदिन सत्प्रयास जारी राख्ने ।
४) लुम्बिनीलाई मद्य-मांस एवम् व्यापारिक कारोबारको स्थल हुन नदिन जोड दिने ।
५) राज्यमा हिंसा, बलि रोक्न उद्यत हुनुपर्ने ।
६) लुम्बिनीको वातावरण विश्वकै मैत्री क्षेत्रको नमूनाको रूपमा विकास गर्ने ।

सम्मेलनको सफलतामा आमसञ्चारमाध्यमको पूर्ण सहयोग अविस्मरणीय छ । अन्नपूर्ण ज्ञानमाला संघ र पाल्पा ज्ञानमाला संघद्वारा प्रस्तुत गरिएको बौद्ध भजनले सम्पूर्ण सहभागीलाई आनन्दले विभोर गरिदिएको थियो । त्यो क्षण सम्झन लायकको छ ।

समापन सभाको मन्तव्य दिने क्रममा एक मात्र महिला वक्ता रूपन्देही शाखाका अध्यक्ष सुश्री विद्यादेवी शाक्यको जोश र जाँगरले भरिएको भाषणले उपस्थित सहभागीहरूको ध्यान आकर्षण गर्न सफल भएको थियो । सभालाई लुम्बिनी कोषका उपाध्यक्ष कर्मा स्याम्पोबाट सारभूत सम्बोधन गर्नुभएको थियो ।

४५० जनाको मूल समारोह समिति तथा

२१ वटा उपसमितिको कार्यदलको गठन गरी सम्पन्न भएको दशौं राष्ट्रिय बौद्ध सम्मेलनमा यदाकदा त्रुटिहरू नभएका होइनन् । आयोजकले पूर्ण समर्पणका बाबजुद पनि व्यवस्थापनमा केही कमी-कमजोरी रहेको सहभागीहरूले महसुस गरे ।

सम्मेलनको समापन समारोहमा प्रमुख अतिथिको रूपमा आमन्त्रित एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आउनुहुनेछ भनी व्यापक प्रचार भएतापनि अन्त्यमा केही कारणवश उपस्थित हुन नसक्ने भनी आयोजकले जानकारी दिएपछि हर्षोल्लासका साथ सञ्चालन भएको सम्मेलनको अन्त्यमा सहभागीहरूले खल्लोपन अनुभव गर्नुपर्‍यो ।

अब दुई वर्षपछि हुने अर्को एघारौं राष्ट्रिय बौद्ध सम्मेलनमा दशौं सम्मेलनको घोषणापत्रको कार्य प्रगतिको विवरण प्रस्तुत गरिनेछ भनी समस्त बौद्ध समुदायले अपेक्षा गरेका छन् । दशौं राष्ट्रिय बौद्ध सम्मेलन भगवान बुद्ध जन्मिएको लुम्बिनीमा धर्मोदय महाचैत्य विहारमा सफलताका साथ सम्पन्न गर्न सकेकोमा समस्त सहभागीहरूले धर्मोदय सभा र लुम्बिनी धर्मोदय उपसमितिलाई धन्यवाद नदिइरहन सकिंदैन ।

# अनिच्चावत संखारा...

जन्म
वि.सं. १९७६/०६/१५



निधन
वि.सं. २०६६/०९/२६

## स्व. चन्द्रमान बज्राचार्य

धर्मसंघ बुद्ध विहार सद्धर्म सभाका सभापति सुवर्ण बज्राचार्यको पूजनीय पिताज्यू श्रद्धेय **चन्द्रमान बज्राचार्य** को ९३ वर्षको उमेरमा निधन भएकामा हामी अत्यन्त दुःखित छौं । दिवंगत चन्द्रमान बज्राचार्यले धर्म संघ बुद्ध विहारको स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्नुभएका तथा उहाँ आफैं २०२५ साल र २०४४ सालमा गरी २ पटक सभापति समेत हुनुभएको थियो । उहाँ गुठीका नायो पनि हुनुभएको थियो । उहाँ बाल गोपाल भजन गुठीका संस्थापक सभापति पनि हुनुहुन्थ्यो । सो पदमा उहाँ मृत्युपर्यन्त रहनुभएको थियो । यस किसिमले विभिन्न धार्मिक संघसंस्थामा रहेर उहाँले सद्धर्मको प्रचारमा महत्त्वपूर्ण योगदान दिनुभएको स्मरणीय छ । उहाँले धार्मिक, सामजिक, साँस्कृतिक क्षेत्रमा पनि योगदान पुर्‍याउनुभएको थियो । यस्तो अग्रणी व्यक्तित्त्वको निधन भएकामा हामी उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । हामी उहाँको सुखावती भुवनमा बास होस् भन्ने कामना गरी शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सद्धर्म सभा**
**धर्म संघ बुद्धविहार परिवार**
मोहरियाटोल, पोखरा

# बुद्ध जन्मथलोबारे चिनियाँ अनभिज्ञ

— निर्मल श्रेष्ठ

गौतम बुद्धबारे अधिकांश चिनिया जानकार रहेपनि थोरैलाई मात्र बुद्धको वास्तविक जन्मथलो बारे थाहा छ । थाहा नपाउनेमा चीनका सर्वसाधारण मात्र होइनन्, बुद्ध धर्मावलम्बीको संख्या पनि उत्तिकै छ । चीनका २३ प्रान्तमध्ये २१ प्रान्तका भ्रमणपछि चीनका लागि नेपाली राजदूत टंक कार्कीले यस्तो निष्कर्ष निकालेका हुन् ।

'अधिकांश चिनियाँलाई लुम्बिनी कहाँ पर्छ भन्नेबारे भ्रम छ' राजदूत कार्कीले भने, 'बुद्धको वास्तविक जन्मथलोबारे प्रस्ट्याउँदा धेरैले खुशीले हार्दिकता प्रकट गर्छन् ।' बुद्धको जन्मथलोबारे गलत बुझाइका कारण नेपालले चिनियाँ धार्मिक पर्यटकको ठूलो संख्या गुमाउनु परेको पनि उनले बताए । सांघाई युनिभर्सिटीका एक अध्ययनमा चीनमा बौद्ध धर्मावलम्बी र यसप्रति आस्थावानको संख्या करिब दस करोड रहेको उल्लेख छ ।

चिनियाँमाझ वास्तविकता उजागर गर्न दुवै देशबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध बढाउनु जरूरी रहेको उनले बताए । प्रधानमन्त्री माधवकुमार नेपालको चीन भ्रमणका बेला सियानस्थित फामन टेम्पलमा रहेको बुद्धको औंलाका अस्तु प्रदर्शनका लागि नेपालमा ल्याउन गरिएको प्रस्ताव यसैको कडी भएको राजदूत कार्कीले बताए ।

नेपाल चीन कूटनीतिक सम्बन्धको ५५औं वर्षगाँठका अवसरमा अस्तु नेपाल लैजाने प्रस्ताव गरिएको हो । 'प्रधानमन्त्रीले राखेको प्रस्तावमा मन्दिरका वरिष्ठ पुजारीहरू सकारात्मक भएपनि सरकारी तवरबाटै आधिकारिक पहल हुनुपर्छ' उनले भने, 'हामी यसै वर्षभित्र अस्तु बुद्धको जन्मथलो पुऱ्याउन प्रयासरत छौं ।' उक्त कार्य सफल हुनसके चिनियाँमाझ बुद्धको जन्मथलोबारे भ्रम हटाउन ठूलो मद्दत पुग्ने उनले बताए ।

चीनले सन् २००१ मा नेपाललाई आउटबाउन्ड गन्तव्यका रूपमा स्वीकृत गरेको हो । २००७ मा करिब पन्ध्र हजार पुगेको कार्कीले बताए । 'यस वर्ष यो संख्या अझ वृद्धि हुने अनुमान गरेका छौं' उनले भने, 'नेपाल टुरिजम् वर्षका अवसरमा चिनियाँ पर्यटकको संख्या एक लाख पुऱ्याउने लक्ष्य छ ।' पछिल्लो वर्षको नौ महिनाभित्रै ४७ लाख ५० हजार चिनियाँ पर्यटकले तिब्बत भ्रमण गरेका थिए । 'तिब्बत भ्रमणमा आउने पर्यटकका सानो हिस्सालाई नेपाल भित्र्याउन सकेमात्र पनि पर्यटन उद्योगलाई ठूलो टेवा पुग्छ' उनले भने, 'तर शान्ति र स्थिरता कायम हुन नसक्दा मन हुनेले पनि बाटो बदलेका छन् ।' उच्च तहदेखि सर्वसाधारण चिनियाँ समेतले नेपालका प्राकृतिक सौन्दर्यबारे प्रशंसा गर्ने गरेको अनुभव उनले सुनाए । 'राम्रा होटल, सडक र सवारीसाधन उनीहरूका दोस्रो रोजाइ हुन्' कार्कीले भने ।

चिनियाँ पर्यटकलाई लक्षित गरि पर्यटन केन्द्र खोल्नेतर्फ गृहकार्य भइरहेको समेत राजदूत कार्कीले बताए । 'चिनियाँ पर्यटक चीनले नेपाललाई उपलब्ध गराउने अन्य ठूला सहयोग जत्तिकै महत्त्वपूर्ण छ', उनले भने । चीनले बुद्ध नेपालमा जन्मिएको तथ्य यहाँका पाठ्यक्रममा उल्लेख गर्न सहयोग गरे नेपालको दीर्घकालीन पर्यटन विकासमा ठूलो सघाउ पुग्ने उनको ठम्याइ छ । अर्को एक बेग्लै प्रसंगमा उनले चीनको मुख्य चासो 'नेपाल एक चीन नीति' प्रति नेपालको प्रतिबद्धता नै रहेको बताए । 'चीनलाई यसमा विश्वस्त पार्न सके नेपालको हितमा हुने सबै किसिमका सहयोगका लागि चीन तयार छ, उनले भने ।

साभार: समाचार पत्र दैनिक

# बुद्धको जन्मस्थलोको भ्रम हटाउने उपाय

हामी नेपालीहरू हाम्रो देश नेपाल्ले विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्तिका अग्रदूत भगवान् बुद्धको नामबाट विश्वमा परिचित भएको भन्दछौं र त्यसमा गर्व पनि गर्दछौं । त्यसरी नेपालको चिनारी भएपनि अझ पनि भगवान बुद्धको जन्मस्थलबारे भ्रम फैलिएको छ र त्यो भ्रम निवारण गर्नेतर्फ हाम्रो समुचित प्रयास भएको छैन ।

यो साता नेपालका ठूल्ठूला पत्रिकामा पनि त्यसबारे लेख समाचार र टिप्पणी छापिए । जुन एक सकारात्मक कदम हो । सुपरिचित अमेरिकी लेखक तथा राजनीतिक विश्लेषक फरिद जाकरियाले अमेरिकाबाट प्रकाशित 'द पोष्ट अमेरिकन वर्ल्ड' पुस्तकमा बुद्ध भारतीय थिए र बुद्धिजम् भारतमा पत्ता लगाइएको थियो भनेर लेखिएको कुरा बाहिर आएको छ ।

त्यसको खण्डनस्वरूप दिनानाथ शर्माले बुद्धबारे भ्रामक सन्देश भनेर एउटा लेख नै लेख्नुभएको छ । उहाँले बुद्ध नेपाली थिए र नेपालमा जन्मेका थिए र बुद्धको जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ भनेर जोडदार शब्दमा भन्नुभएको छ । उहाँले भारतका सम्राट अशोकले लुम्बिनीमा गाडेको शीला स्तम्भले बुद्ध नेपालमा जन्मेको कुरा अकाट्य प्रमाण प्रस्तुत गरेको उल्लेख गर्नुभएको छ। त्यस्तै अरूले पनि टिप्पणी लेखेका छन् । त्यस्तै प्रा.डा. दयानन्द बज्राचार्यले पनि एउटा छुट्टै लेख लेख्नुभएको छ । उहाँको सुझाव मननयोग्य छ ।

यसैबीच 'बुद्ध जन्मथलोबारे चिनियाँ अनभिज्ञ' भनेर अर्को समाचार पनि छापिएको छ । नेपालका राजदूत टंक कार्कीले चीनका २३ प्रान्तमध्ये २१ प्रान्तको भ्रमणपछि यस्तो निष्कर्ष निकालिएको समाचारमा जनाइएको उहाँले यो भ्रम निवारण गर्न यसै वर्ष नेपाल चीन कूटनीतिक सम्बन्धको ५५औं वर्ष गाँठका अवसरमा चीनमा रहेको बुद्धको औंलाको अस्थिधातु बुद्धको जन्मस्थल नेपाल लैजाने कुरा पनि बताउनुभएको छ तर त्यसको लागि सरकारी स्तरबाट अनुरोध गर्नुपर्ने उहाँले बताउनुभयो ।

भारतका प्रचार-प्रसारका साधनहरूले यसबारे व्यापक भ्रम सिर्जना गरेका छन् । नेपालमा त्यसबारे वास्ता नगर्दा छिमेकी देशमापनि त्यो भ्रम रहेको हो तर अहिले समयको गतिसँगै परिवर्तन आएको छ । भगवान् बुद्ध र बुद्ध धर्मबारे सोधखोज राख्ने र जिज्ञासा राख्नेहरूको सङ्ख्या बढ्दैछ । त्यसरी जिज्ञासा राख्नेले नेपालका शिखर धरोहर बुद्ध भारतमा जन्मेका हुन् भनेर पढ्नुपर्दा र सुन्नुपर्दा चित्त दुखाउने गरेका छन् । यो ज्यादै सकारात्मक पक्ष हो ।

भगवान् बुद्धको जन्मस्थल लुम्बिनी शान्तिको मुहान हो यो नेपालमा पर्दछ र यो नेपालको प्रमुख धार्मिक र पर्यटन केन्द्र हो । यसलाई विश्वका सम्पूर्ण बौद्धहरूको गन्तव्यस्थल बनाउनेतिर हाम्रो प्रयास जारी रहेको छ । मुस्लिमहरूको मक्कामदिनाजस्तै बौद्धहरूको सर्वाधिक महत्त्वपूर्ण स्थल बनाउने नेपाली प्रयासमाथि बराबर झटारो हान्ने गरिएको छ । यसमा नेपालीहरू सजग र सतर्क हुनुपर्दछ ।

त्यस्तो आपत्तिजनक अभिव्यक्तिको खण्डन गर्नुपर्दछ । त्यो भ्रम निवारण गर्ने प्रयास सबै पक्षबाट गरिनुपर्दछ । त्यस क्रममा सोच्दा **संविधानमा शान्तिका अग्रदूत भगवान बुद्ध जन्मेको देश नेपाल भनेर नेपालको परिचयको क्रममा राख्नु उपयुक्त देखिन्छ ।** संविधानमा बुद्धलाई सूचिकृत गरेपछि सर्वाधिक पक्का पनि हुन्छ । नेपाल र नेपालीको गौरव पनि बढ्छ र हामीले संविधानमा त्यस्तो व्यवस्था गर्न सक्यौं भने शान्तिको हाम्रो प्रतिबद्धता पनि राम्ररी प्रतिविम्बितपनि हुन जानेछ । यस दिशातिर हामी सम्बद्ध सबैको ध्यान आकर्षित गर्न चाहन्छौं ।

साभार: आदर्श समाज राष्ट्रिय दैनिक

# सञ्चारमा बुद्धधर्म

– तिलकमान गुभाजू

शाक्यमुनि भगवान बुद्धले आफूले प्रतिपादन गर्नुभएको नयाँ धर्म दर्शन के-कसरी छिटो प्रचार-प्रसार गर्न सकिएला भनी खुब सोच्नुभएको थियो । आफ्नो धर्म दर्शन प्रचार गर्न उहाँले संघ स्थापना गर्नुभयो । उहाँले भिक्षुहरूलाई एक-एकजना छुट्टाछुट्टै गएर प्रचार गर्न भन्नुभयो । उहाँको आदेश अनुसार भिक्षुहरूले पनि यताउता गएर धर्म प्रचार गरेका थिए ।

सम्राट अशोकले यो धर्म प्रचार गर्न चैत्य, विहारहरू बनाउनुभयो र धर्मदूतहरूको टोलीहरू बनाएर सुदूर टाढा-टाढासम्म खटाएर पठाउनुभयो । बुद्धधर्मलाई विश्वव्यापी बनाउनमा सम्राट अशोकको योगदान प्रशंसनीय रहेको छ । इतिहासमा बौद्ध राजाहरू, ठूला-ठूला भिक्षुहरू बौद्ध विद्वान्हरूले बुद्धधर्ममा नयाँ-नयाँ आयाम थपेर यसको महत्त्व बढाएको हामी पाउँछौं । वर्तमानमा जापानका भिक्षु फजीद्वारा संस्थापित बौद्ध संस्था निप्पोनजान म्योहोजीले विश्वभर विश्व शान्ति स्तूपहरू बनाएर, लामो लामो शान्ति पदयात्रा गरेर तथा विश्वशान्ति सम्मेलनहरू गरेर बुद्धधर्मको प्रचार गरिरहेको छ । तिब्बतका दलाई लामा स्वनिर्वासनमा भारत आउनु भएपश्चात् यो धर्मको प्रचार-प्रसारमा गति थपिएको अनुभव गरिएको छ भने आचार्य सत्यनारायण गोयन्काले बर्माबाट भारत फर्केर विपश्यना ध्यानको माध्यमबाट भगवान बुद्धको शिक्षा र सिद्धान्त फैलाउने कार्य गरिरहनुभएको छ ।

यस्तै गरी भिक्षुहरू, धर्मगुरुहरू, बौद्ध विद्वान्हरूले धर्मदेशना, प्रवचन, लेख रचना र किताबहरू लेखेर सघाइरहनुभएको छ । राष्ट्रिय ज्ञानमाला समितिले ज्ञानमाला भजनको माध्यमबाट भक्तिभाव उत्पन्न गर्ने र प्रत्येक तीन वर्षको एकपटक ज्ञानमाला सम्मेलन गरी यस क्षेत्रमा प्रभाव पार्ने प्रयास गरिरहेको छ । उता विश्व बौद्ध भातृत्व संघले विश्वको विभिन्न भागमा प्रत्येक दुई वर्षमा विश्व बौद्ध सम्मेलन आयोजना गरी विश्वमा बुद्धधर्म फैलाउने प्रयास गरिरहेको छ भने धर्मोदय सभाले प्रत्येक दुई वर्षको एकपटक राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरी संगठन र प्रचार गरिरहेको छ । अन्य संघ-संस्था र गुम्बा विहारहरूले पनि आ-आफ्नो क्षेत्रमा केही न केही गरी बुद्धधर्मको प्रचार गर्ने काम गरिरहेका छन् ।

यस किसिमले हेर्दा बुद्धधर्मको प्रचार-प्रसार भैरहेको देखिन्छ । तर तुलनात्मक अध्ययन गर्दा र वर्तमानमा हत्या, हिंसा, बलिप्रथा लगायत आतङ्कका घटनाहरू चर्को रूपमा फैलिरहेको परिप्रेक्ष्यमा सोच्दा प्रचार-प्रसारको अभाव टड्कारो खड्किन्छ र केही गर्नुपर्ने महशुस हुन्छ । फेरि बुद्धधर्म हिजोभन्दा आज बढी सान्दर्भिक र आवश्यक भएको सन्दर्भमा सोच्दा प्रचार-प्रसारमा अरू तीव्रता आउनुपर्ने र प्रचार-प्रसारको आधुनिकतम साधन श्रोत र माध्यमहरूको बढी प्रयोग गर्नुपर्ने नितान्त खाँचो अनुभव हुन्छ । आजको युग प्रचार-प्रसारको युग हो । आजको युग कम्प्युटरको युग हो । अर्को शब्दमा भन्ने हो भने यो संचारको युग हो । संचारका विभिन्न माध्यमहरू छन् । श्रव्य दृश्य माध्यम छन् । छापा र विद्युतीय माध्यम छन् । कम्प्युटरको इन्टरनेट र इमेल छन् । अन्य प्रोग्रामहरू छन् । यी साधन श्रोतको माध्यमबाट प्रचार-प्रसार गर्नु आजको आवश्यकता हो ।

साधनश्रोतको कुरा गर्ने हो भने प्रेस काउन्सिलको २०६५ को प्रतिवेदनअनुसार देशमा ९९ वटा दैनिक अखबारहरू छन् । ४३३ साप्ताहिक र अर्ध-साप्ताहिक छन् । २१ पाक्षिक पत्रिका छन् र केही मासिक पत्रिका छन् । तर यी पत्रिकाहरूमा बुद्धधर्म सम्बन्धी सामग्री विरलै प्रकाशित हुन्छन् । ठूला पत्रिकाहरूमा बुद्धधर्म सम्बन्धी विस्तृत लेख रचना लगायतका सामग्री छापिएको हेर्नलाई वैशाख पूर्णिमा नै कुर्नुपर्दछ । कहिलेकाही छापिए पनि एउटा सानो

कुनामा राखिन्छन् । राजधानीबाट छापिने नेपाल भाषा (नेवारी भाषा) का अखबारले बौद्ध गतिविधि छाप्ने गर्छन्, तर तिनीहरूको पाठक संख्या सीमित छ । न ती पत्रिकाहरू मोफसलतिर त्यति देखिन्छन् । त्यस्तो प्रचारको जिम्मा ठूला छापाहरूले काठमाडौंबाट प्रकाशित आनन्दभूमि र धर्मकीर्ति बौद्ध मासिकलाई दिए झैं भएको छ । ती दुई पत्रिकाले बौद्ध सामग्रीहरू नियमित प्रचार गरिरहेका छन् । हिमालयन भ्वाइसले पनि यस क्षेत्रमा सेवा गरेको मान्नुपर्दछ । पोखराबाट प्रकाशित बौद्ध मासिक 'धर्मचक्षु'ले सानो क्षेत्रमा भएपनि आफ्नो धर्म निर्वाह गरिरहेको छ । यस क्षेत्रमा अन्य केहीले पनि आफ्नो नाम दर्ता नगरेका होइनन्, तर दिगो र स्थायी हुन सकेनन् । त्यसको अतिरिक्त गुम्बा, विहार, बौद्ध संघ-संस्थाहरूले प्रकाशित गर्ने गरेका स्मारिका, बुलेटिन, किताब लगायतका प्रकाशनहरूले केही हदतक यस क्षेत्रमा सेवा गरेका छन् ।

अहिले संचारका लोकप्रिय र सस्तो माध्यम एफ.एम. रेडियोहरू भएका छन् । देशभरि फैलिएका एफ.एम. रेडियोहरूको दर्ता संख्या ३२५ पुगेको छ । तिनीहरूमध्ये केहीले कहिलेकाहीं भक्ति संगीतका रूपमा ज्ञानमाला भजन बजाउने गर्दछन् । थोरैले भिक्षु र लामाहरूको धर्मदेशना र प्रवचन सुनाउने गर्दछन् । तर धेरैले बुद्ध धर्मका बारे अनभिज्ञता व्यक्त गर्दछन् । राजधानीको मैत्री एफ.एम., पोखराको पोखरा एफ.एम., अन्नपूर्ण एफ.एम., माछापुच्छ्रे एफ.एम., सराङ्कोट एफ.एम. लगायतका केहीले बौद्ध कार्यक्रम नियमित प्रसारित गर्ने गरेका छन् ।

संचारको अर्को सशक्त र लोकप्रिय माध्यम टी.भी. च्यानलहरू हुन् । औंलामा गन्न सकिने ती च्यानलहरूमध्ये नेपाल टेलिभिजनले केही वर्ष हप्ताको एक पटक भएपनि बौद्ध कार्यक्रम नियमित दिने गर्दथ्यो । तर अहिले त्यसले पनि जाँगर छाडेको जस्तो छ । अरू केहीले कहिले काहीं प्रवचन र ज्ञानमाला भजन दिने त गर्दछन्, तर नियमित छैनन् । ती च्यानहरूमा देखिने धार्मिक कार्यक्रमहरू हेर्दा यस्तो लाग्दछ कि यो मुलुक अझ पनि धर्मनिरपेक्ष भएको छैन । तिनीहरू अझै एक पक्षीय प्रचारमा छन् । तिनीहरूमा बौद्ध कार्यक्रम हेर्न ठूलै तिथि र बार कुर्नुपर्दछ या ठूलै बौद्ध गतिविधि भएको हुनुपर्दछ ।

हाम्रो संचारमा बुद्धधर्मका काम कुराले महत्त्व पाएका छैनन् भन्नेमा विवाद छैन । त्यसमा बौद्धहरूले गुनासो गर्ने प्रशस्त ठाउँ छ । तर गुनासो मात्र गरेर उद्देश्य पूर्ति हुँदैन । भगवान बुद्धले जेको पनि कारण हुन्छ भन्नुभएको छ । संचार माध्यममा बौद्ध गतिविधिले महत्त्व नपाएको पनि कारण हुन सक्दछन् । ती कारण हटाउने बौद्ध प्रयास हुनुपर्दछ । संचार माध्यममा कार्यरत भएको नाताले यस पङ्क्तिका लेखकलाई के अनुभव भएको छ भने संचार माध्यममा कार्यरत अधिकांश सहकर्मीहरू बुद्धधर्मका शिक्षा, सिद्धान्त र दर्शनका कुराहरूबाट धेरै टाढा छन् । उनीहरू बुद्ध धर्मका ती कुरामा अभ्यस्त छैनन् । यस्तो स्थितिमा गुनासोले मात्र के-कति काम गर्ला सोचनीय छ ।

यस सन्दर्भमा सोच्दा बौद्धहरूले पनि आफ्ना कमीकमजोरी केलाउनुपर्दछ र ती कमीकमजोरी हटाउने उपाय गर्नुपर्दछ । कतै बौद्धहरू आफैंले संचार माध्यमहरूलाई महत्त्व दिएका छैनन् कि ! धर्मका कुरा प्रचार-प्रसारका कुरा होइन भनेर आफैंमा सीमित राख्ने गरेका छन् कि ! कोही प्रचार-प्रसारमा आउने नचाहनेहरू पनि छन् र प्रचार-प्रसार नहोस् भन्नेहरू पनि छन् । कतिपयले कार्यक्रमहरूमा संचारकर्मीहरूलाई बोलाउने पनि गर्दैनन् भने कतिपयले जति बोलाए पनि आउँदैनन् र उनीहरूले हाम्रो कार्यक्रमलाई महत्त्व नै दिंदैनन् भन्नेहरू पनि धेरै छन् । यस्तो स्थितिमा प्रचार-प्रसार गर्न चाहनेहरूले आफ्ना कुराहरू संचारकर्मीहरू आकर्षित हुने किसिमले राख्नुपर्दछ र उनीहरूको दृष्टि पुग्ने गरी व्यबहार गर्नुपर्दछ ।

यसको साथै संचारकर्मीहरूलाई बुद्धधर्म सम्बन्धी पत्रपत्रिकाहरू र किताबहरू पढ्न दिएर यस दिशातिर आकर्षित र प्रोत्साहित गर्न सक्दछन् । उनीहरू यसमा अभ्यस्त भएमा बुद्धधर्मका कामकुराले स्वतः महत्त्व पाउने अपेक्षा गर्न सकिन्छ ।

संचारकर्मी सहयोगीहरूले पनि भगवान बुद्ध,

बौद्धदर्शन र धर्मको उपेक्षा गरी बस्ने बेला होइन यो । भगवान बुद्ध नेपालमा जन्मनुभएका एक नेपाली हुनुहुन्छ, नेपालका राष्ट्रिय विभूति हुनुहुन्छ । **आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित दर्शन जुन शान्ति, मैत्री र अहिंसाको दर्शन हो, त्यो नेपाल र नेपालीको आफ्नै दर्शन हो, साझा दर्शन हो र मौलिक दर्शन हो ।** यस किसिमले हेर्दा यो प्रस्ट हुन्छ कि **भगवान बुद्ध र बौद्ध धर्मदर्शनसँग हाम्रो भावनात्मकता जोडिएको छ, आत्मीयता टाँसिएको छ र राष्ट्रियता गाँसिएको छ ।** यस्तो महत्त्वपूर्ण कुरालाई बेवास्ता गर्नु कदापि उचित होइन ।

हाम्रो देश भर्खरै धर्मनिरपेक्ष भएकोले अधिकांशत: धर्म निरपेक्षमा अल्मलिरहेका छन् । "धर्मनिरपेक्ष भएको बेलामा पनि यस्तो भन्नु" समेत भन्न थालेका छन् । धर्मनिरपेक्षताको दुरूपयोग हुन थालेको छ । तर त्यसमा कसैले चासो र चिन्ता लिएका छैनन् । देश धर्मनिरपेक्ष भएपनि गाई र गधाको मूल्य र मान्यता एउटै हुँदैन । राष्ट्रिय र अराष्ट्रियताको पर्खाल भत्किदैन । शान्ति, सद्भाव र सह-अस्तित्वको सन्देश दिने कुराको मूल्य र महत्त्व अर्कै हुन्छ । मैत्री, करूणा र अहिंसा सबैले चाहेको हुन्छ । यो एक वास्तविकता हो । वास्तविकतालाई हृदयङ्गम गर्नुपर्दछ । जहाँसम्म बुद्धधर्म र धर्मनिरपेक्षको कुरा छ, त्यसमा प्रस्ट हुनु नितान्त आवश्यक छ । बुद्ध धर्मले शान्ति, मैत्री र अहिंसामा विश्वास गर्ने मात्र होइन, यो धर्म सह-अस्तित्वमा विश्वास गर्दछ, बाँच र बाँच्न दिउँ भन्ने भावना राख्दछ । यो सद्भावनामा रमाउँछ र सबैसँग हातेमालो गरेर अघि बढ्न चाहन्छ । यो यत्ति उदार छ कि यसभित्र सबै रहन सक्छन्, अटाउन सक्छन् । त्यसैले **विद्वानहरूले बुद्धधर्मलाई धर्मनिरपेक्ष धर्म** पनि भन्ने गरेका छन् । यो धर्म सबैका लागि सह्य धर्म भएको छ र मान्य धर्म भएको छ ।

हाम्रो छिमेकी देश भारत जुन शुरूदेखि धर्मनिरपेक्ष देश हो-ले आफ्ना राष्ट्रिय झण्डामा बौद्ध प्रतीक चिन्ह धर्मचक्र अङ्कित गरेको छ । त्यस देशले आफ्नो राष्ट्रिय मुद्रामा तीन टाउको जोडिएको सिह राखिएको छ भने लोकसभामा अभिभाषणका लागि राष्ट्राध्यक्ष आएर बस्ने आसनको माथिल्लो भागमा "धर्मचक्र प्रवर्तनाय" भन्ने आदर्श वाक्य कुँदिको छ । यी सबैको परिप्रेक्ष्यमा बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भन्न रूचाउने नेपालले के-कसरी सोच्नुपर्ने हो, त्यो कुरा विस्तृत रूपले उल्लेख गर्नु शायद नपर्ला ।

यसमा हालैको एउटा कुरा उल्लेख गर्नु प्रासाङ्गिक हुन्छ होला । एकसाता पहिले नेपाल भ्रमणमा आएका चीनको ब्यूरो अफ संघाई वर्ल्ड एक्सो को-अर्डिनेशनका उप-महानिर्देशक हुयाङ्ग जियाङ झीले नेपालका संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालसँग भेटेर दुईटा कुरा प्रस्ताव गरे । उनले निकट भविष्यमा संघाईमा हुने **विश्वप्रदर्शनीको उद्घाटन लुम्बिनी स्थित शान्ति दीपले गर्ने** अनुमति मागे भने दोस्रो उनले **बुद्धप्रतिको आस्थालाई ध्यानमा राखेर सो मेलामा बुद्धको अस्थिधातु प्रदर्शनीका लागि अस्थिधातु नेपालबाट संघाई पुऱ्याउन आफ्नो सरकारको तर्फबाट नेपाल सरकारलाई आग्रह गरे ।** यसबाट **शान्तिदीपको र अस्थिधातुको महत्त्व के-कति छ,** त्यो प्रस्ट हुन्छ । यस कुरामा हाम्रो समाचार माध्यमहरूको ध्यान के-कति गयो र तिनीहरूले यसलाई के-कति महत्त्वका साथ प्रचार-प्रसार गरे, त्यो अर्कै कुरा हो । तर राष्ट्र र राष्ट्रियताका लागि यो ठूलो कुरा हो । यस्तोमा संचार माध्यमहरूको ध्यान जानुपर्दछ भन्नु अर्घेल्याई होइन ।

धर्मनिरपेक्ष भारत र कम्युनिष्ट मुलुक चीनले बुद्धधर्मका कामकुराहरूमा त्यस्तो महत्त्व राख्दछन् र त्यस्तो व्यवहार गर्दछन् भने के त्यो कुरा नेपाल र नेपालीका लागि एक सबक र चुनौती होइन ? यी कुरालाई थाहा पाएर पनि आँखा चिम्लेर बस्नु, कानले नसुने झैं गरिरहनु र मुखले नबोलीकन बुझ पचाएर रहनु के न्यायोचित होला ? राष्ट्र र राष्ट्रियताका पक्षधर भनी आफूलाई प्रचार-प्रसार गर्न रूचाउने हामीले सोच्नुपर्ने विषय हो ।

धर्मनिरपेक्ष भारत र कम्युनिष्ट मुलुक चीनले मात्र बुद्धधर्मका कुराहरूलाई विशेष महत्त्व दिएका

होइनन् । अन्य देशहरू, मानवतावादी शान्तिवादी संघ-संस्थाहरूले पनि शान्ति नायक, शान्तिका अग्रदूत भगवान बुद्ध, बुद्धधर्म र दर्शनलाई उत्तिकै महत्त्व दिने गरेका छन् । हालै श्रीलङ्काका राष्ट्रपति महेन्द्र राजपाक्षेको लुम्बिनी भ्रमण र त्यसपछि उहाँले व्यक्त गर्नुभएको अभिव्यक्तिबाट पनि यसको महत्त्व स्पष्ट हुन्छ । लुम्बिनी पुगेपछि उहाँले "आफ्नो बाल्यकालदेखिको इच्छा पूरा भयो" भन्नुभयो र निजी दशहजार डलर त्यहाँ चढाउनुभयो । जापान लगायत केही देशले बौद्ध दर्शन र सिद्धान्त अनुसार आफ्नो विकास भएको बताउँछन् । थाइलैण्ड, बर्मालगायत केही देशले आफूलाई बौद्ध देश घोषणा गरी गौरवान्वित भएका छन् । यी सबैको परिप्रेक्ष्यमा बुद्धको देश भनेर विश्वमा परिचित नेपाल र नेपालीहरूले बत्तीमुनि अँध्यारो गरी अझ कति दिन बस्ने हो ?

विश्वमा शान्ति स्थापना गर्ने उद्देश्यले स्थापित विश्व संस्था संयुक्त राष्ट्र संघले शान्ति नायक भगवान बुद्ध र बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा बढी अभिरूचि लिएर हेरिरहेको छ । त्यस विश्व संस्थाले लुम्बिनीको गुरूयोजना बनाउने र तदानुसार विकास गर्ने गराउने काममा विगत ४० वर्षदेखि सघाउ पुऱ्याउँदै आएको छ । संयुक्त राष्ट्र संघमा नेपालको अध्यक्षतामा १५ सदस्यीय लुम्बिनी विकास सहयोग समिति गठन गरिएको छ । त्यस विश्व संस्थाले सिद्धार्थ गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण तीन संयोग परेको दिन बैशाख पूर्णिमा महोत्सव मनाउन आफ्नो कार्यालय बिदा गरेर नेपालका राष्ट्रिय विभूति महामानव बुद्धप्रति सम्मान व्यक्त गरेको छ । के यो नेपाल र नेपालीका लागि गौरवको विषय होइन ? यसबाट अर्को एउटा कुरा के छर्लङ्ग हुन्छ भने **विश्वमा भगवान बुद्ध र बुद्धधर्मको जे-जति प्रचार-प्रसार हुन्छ, उति नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा पनि बढ्दै जान्छ ।** यो पनि एक वास्तविकता हो । यिनै कुराहरूलाई हृदयङ्गम गरेर सचारकर्मीहरूले कलम चलाउनुपर्दछ भन्नु अन्यथा होइन । यी नै कुराहरूलाई दृष्टिगत गरेर विज्ञ संचारकर्मीहरूले आ-आफ्नो संचार माध्यमहरूमा भगवान बुद्ध, बुद्धले प्रतिपादन गर्नुभएका शान्तिको दर्शन र धर्म तथा तत्सम्बन्धी गतिविधिहरूलाई उचित स्थान र महत्त्व दिएर प्रचार-प्रसार गर्ने अपेक्षा गरिएको छ ।

अन्तमा, अहिले देशमा संविधान लेख्ने काम भइरहेकाले एउटा महत्त्वपूर्ण कुरा थप्नु आवश्यक सम्झन्छु । नयाँ संविधानमा नेपालका शिखर धरोहर, विश्वले मानेका र सम्मान गर्ने गरेका शान्तिनायक भगवान बुद्धको देश-बौद्ध देश नेपाललाई औपचारिक रूपले बौद्धदेश घोषणा गर्नु यो उपयुक्त बेला हो । तर देशभित्र अनुकूल वातावरण नबनिसकेको भन्ने कुरा आएकोले त्यो संभव नभए संविधानमा बौद्धदर्शन, बौद्धशिक्षा, सिद्धान्त र तत्सम्बन्धी प्रतीक चिन्हहरू केही न केही उल्लेख गर्नु नितान्त आवश्यक छ । किनभने यो सूचीकृतको जमाना पनि हो । हरेक कुराको सूचीकृत गर्ने चलन बढ्दो छ । राम्रा-राम्रा कुराहरू आफ्नो भनेर सूचीकृत गर्ने राष्ट्रहरू बीच एक किसिमको होड नै चलेको छ । यस स्थितिमा शान्तिनायक भगवान बुद्ध नेपाली हुनुहुन्छ, नेपालका हुनुहुन्छ र उहाँले प्रतिपादन गर्नुभएका **शान्तिको दर्शन-अहिंसा दर्शन-नेपाल र नेपालीको मौलिक दर्शन हो** भनेर प्रचार-प्रसार गर्नु र संविधानमा लेखेर सूचीकृत गर्नु अहिलेको आश्वकता हो । अर्को शब्दमा भन्ने हो भने संविधानको प्रस्तावनामा नेपाललाई परिभाषित गर्ने क्रममा "......**शान्तिनायक भगवान बुद्धको देश नेपाल**" भनेर उल्लेख गर्न सकिन्छ । यी कुराहरूमा विज्ञ संचारकर्मीहरूले व्यापक प्रचार-प्रसार गरेर सहयोग गर्न सक्दछन् । त्यसो गर्न सकेमा यो हाम्रो राष्ट्र र राष्ट्रियताका लागि महत्त्वपूर्ण कुरा हुनेछ र त्यसले देशमा दिगो शान्ति स्थापना गर्ने काममा पनि ठूलो योगदान गर्नेछ ।

२०६६ मंसिर १ गते, पोखरा

धर्मोदय स्मारिका
२०६६

# *The Life of* Buddha and its Lessons

***By Henry Steel Olcott***

The thoughtful student, in scanning the religious history of the race, has one fact continually forced upon his notice, viz_., that there is an invariable tendency to deify whomsoever shows himself superior to the weakness of our common humanity. Look where we will, we find the saint-like man exalted into a divine personage and worshipped for a god. Though perhaps misunderstood, reviled and even persecuted while living, the apotheosis is almost sure to come after death: and the victim of yesterday's mob, raised to the state of an Intercessor in Heaven, is besought with prayer and tears, and placatory penances, to medicate with God for the pardon of human sin. This is a mean and vile trait of human nature, the proof of ignorance, selfishness, brutal cowardice, and a superstitious materialism. It shows the base instinct to put down and destroy whatever or whoever makes men feel their own imperfections; with the alternative of ignoring and denying these very imperfections by turning into gods men who have merely spiritualised their natures, so that it may be supposed that they were heavenly incarnations and not mortal like other men. This process of euhemerisation, as it is called, or the making of men into gods and gods into men, sometimes, though more rarely, begins during the life of the hero, but usually after death. The true history of his life is gradually amplified and decorated with fanciful incidents, to fit it to the new chapter which has been posthumously given him. Omens and portents are now made to attend his earthly avatara; his precocity is described as superhuman; as a babe or lisping child he silences the wisest logicians by his divine knowledge: miracles he produces as other boys do soap-bubbles: the terrible energies of nature are his playthings: the gods, angels, and demons are his habitual attendants: the sun, moon, and all the starry host wheel around his cradle in joyful measures, and the earth thrills with joy at having come such prodigy: and at his last hour of mortal life the whole universe shakes with conflicting emotions. Why need I use the few moments at my disposal to marshal before you the various personages of whom these fables have been written? Let it suffice to recall the interesting fact to your notice, and invite you to compare the respective biographies of the Brahmanical Krishna, the Persian Zoroaster, the Egyptian Hermes, the Nepali Gautama, and the canonical, especially the apocryphal, Jesus. Taking Krishna or Zoroaster, as you please, as the most ancient, and coming down the chronological line of descent, you will find them all made after the same pattern. The real personage is all covered up and concealed under the embroidered veils of the romancer and the enthusiastic historiographer. What is surprising to me is that this tendency to exaggeration and hyperbole is not more commonly allowed for by those who is our days attempt to discuss and compare religions. We are constantly and painfully reminded that the prejudice of inimical critics, of the one hand,

and the furious bigotry of devotees, on the other, blind men to fact and probability, and lead to gross injustice. Let me take as an example the mythical biographies of Jesus. At the time when the Council of Nicea was convened for settling the quarrels of certain bishops, and for the purpose of examining into the canonicity of the three hundred more or less apocryphal gospels that were being read in the Christian churches and inspired writings, the history of the life of Christ had reached the height of absurd myth. We many see some specimens in the extant books of the apocryphal New Testament, but most of them are now lost. What have been retained in the present Canon may doubtless be regarded as the least objectionable. And yet we must not hastily adopt even this conclusion, for you know that Sabina, Bishop of Heracha, himself speaking of the Council of Nicea, affirms that "except Constantine and Sabinus Bishop of Pamphilus, these bishops were a set of illiterate, simple creatures that understood nothing"; which is as though he had said they were a pack of fools. And Pappus, in his_synodicon_to that Council of Nicea, lets us into the secret that the Canon was not decided by a careful comparison of several gospels before them, but by a_lottery_. Having, he tells us, "promiscuously put all the books that were referred to the Council for determination under a Communion table in a church, they (the bishops) besought the Lord that the inspired writing night get up on the table, while the spurious writings remained underneath, and it happened accordingly."

But letting all the pass and looking only to what is contained in the present Canon, we see the same tendency to compel all nature to attest the divinity of the writer's hero. At the nativity a star leaves its orbit and leads the Persian astrologers to the divine child, and angels come and converse with shepherds, and a whole train of like celestial phenomena occurs at various stages of his earthly career, which closes amid earthquakes, a pall of darkness over the whole scene, a supernatural war of the elements, the opening of graves and the walking about the their tenants, and other appalling wonders. Now, if the candid Buddhist concedes that the real history of Gautama is embellished by like absurd exaggerations, and if we can find their duplicates in the biographies of Zoroaster, Shankaracharya and other real personages of antiquity, have we not the right to conclude that the true history of the Founder of Christianity, if at this late date it were possible to write it, would be very different from the narratives that pass current? We must not forget that Jerusalem was at that time a Roman dependency, just as Ceylon is now a British, and that the silence of contemporary Roman historians about any such violent disturbances of the equilibrium of nature is deeply significant.

I have cited this example for the sole and simple purpose of bringing home to the non-Buddhistic portion of my present audience the conviction that, in considering the life of Sakya Muni and the lessons it teaches, they must not make his followers of to-day responsible for any extravagant exuberances of past biographers. The doctrine of Buddha and its effects are to be judged quite apart from the man, just as the doctrine ascribed to Jesus and its effects are to be considered quite irrespectively of his personal history. And–as I hope I have shown–the actual doings and sayings of every founder of a Faith or a school of philosophy must be sought for under a heap of tinsel and rubbish contributed by

successive generations of followers.

Approaching the question of the hour in this spirit of precaution, what do we find are the probabilities respecting the life of Sakya Muni? Who was he? When did he live? How did he live? What did he teach? A most careful comparison of authorities and analysis of evidence establishes, I think, the following data:

1. He was the son of a king.
2. He lived between six and seven centuries before Christ.
3. He resigned his royal state and went to live in the jungle, and among the lowest and most unhappy classes, so as to learn the secret of human pain and misery by personal experience: tested every known austerity of the Hindu ascetics and excelled them all in his power of endurance: sounded every depth of woe in search of the means to alleviate it: and at last came out victorious, and showed the world the way to salvation.
4. What he taught may be summed up in a few words, as the perfume of many roses may be distilled into a few drops of_attar_: Everything in the world of Matter is unreal; the only reality is in the world of Spirit. Emancipate yourselves from the tyranny of the former; strive to attain the latter. The Rev. Samuel Beal, in his_Catena of Buddhist Scriptures from the Chinese_puts it differently. "The idea underlying the Buddhist religious system is," he says, "simply this: 'all is vanity'. Earth is a show, and Heaven is a vain reward." Primitive Buddhism was engrossed, absorbed, by one thought–the vanity of finite existence, the priceless value of the one condition of Eternal Rest. If I have the temerity to prefer my own definition of the spirit of Buddha's doctrine, it is because I think that all the misconceptions of it have arisen from a failure to understand his idea of what is real and what is unreal, what worth longing and striving for and what not. From this misconception have come all the unfounded charges that Buddhism is an "atheistical," that is to say, a grossly materialistic, a nihilistic, a negative, a vice-breeding region. Buddhism denies the existence of a personal God–true: therefore–well, therefore, and notwithstanding all this, its teaching is neither what may be called properly atheistical, nihilistic, negative, nor provocative of vice.

I will try to make my meaning clear, and the advancement of modern scientific research helps in this direction. Science divides the universe for us into two elements–matter and force; accounting for their phenomena by their combinations, and making both eternal and obedient to eternal and immutable law. The speculations for men of science have carried them to the outermost verge of the physical universe. Behind them lie not only a thousand brilliant triumphs by which a part of Nature's secrets have been wrung from her, but also more thousands of failures to fathom her deep mysteries. They have proved thought material, since it is the evolution of the gray tissue of the brain, and a recent German experimentalist, Professor Dr. Jager, claims to have proved than man's soul is "a volatile odoriferous principle, capable of solution in glycerine". Psychogen is the name he gives to it, and his experiments show that it is present not merely in the body as a whole, but in every individual cell, in the ovum, and even in the ultimate elements of protoplasm.

I need hardly say to so intelligent an audience as this, that these highly interesting experiments of Dr. Jager and corroborated

by many facts, both physiological and psychological, that have been always noticed among all nations; facts which are woven into popular proverbs, legends, folk-lore fables, mythologies and theologies, the world over. Now, if thought is matter and soul is matter, then Buddha, in recognising the impermanence of sensual enjoyment or experience of any kind, and the instability of very material form, the human soul included, uttered a profound and scientific truth, And since the very idea of gratification or suffering is inseparable from that of material being–absolute SPIRIT alone being regarded by common consent as perfect, changeless and Eternal–therefore, in teaching the doctrine that conquest of the material self, with all its lusts, desires, loves, hopes, ambitions and hates, frees one from pain, and lead to Nirvana, the state of Perfect Rest, he preached the rest of an untinged, untainted existence in the Spirit.

Though the soul be composed of the finest conceivable substance, yet if substance at all–as Dr. Jager seems able to prove, and ages of human intercourse with the weird phantoms of the shadow world imply–it must in time perish. What remains is that changeless part of man, which most philosophers call Spirit, and Nirvana is its necessary condition of existence, The only dispute between Buddhist authorities is whether this Nirvanic existence is attended with individual consciousness, or whether the individual is merged in the whole, as the extinguished flame is lost in the air. But there are those who say that the flame has not been annihilated by the blowing out. It has only passed out of the visible world of matter into the visible world of Spirit, where it still exists and will ever exist, as a bright reality. Such thinkers can understand Buddha's doctrine and, while agreeing with him that soul is not immortal, would spurn the charge of materialistic nihilism, if brought against either that sublime teacher or themselves.

The history of Sakya Muni's life is the strongest bulwark of his religion. As long as the human heart is capable of being touched by tales of heroic self-sacrifice, accompanied by purity and celestial benevolence of motive, it will cherish his memory. Why should I go into the particulars of that noble life? You will remember that he was the son of the king of Kapilvastu–a mighty sovereign whose opulence enabled him to give the heir of his house every luxury that a voluptuous imagination could desire: and that the future Buddha was not allowed even to know, much less observe, the miseries of ordinary existence. How beautifully Edwin Arnold has painted for us in_The Light of Asia_ the luxury and languor of the Estern Court, "Where love was gaoler and delights its bars". We are told that:

The king commanded that within those walls No mention should be made of age or death Sorrow or pain, or sickness... And every dawn the dying rose was plucked, The dead leaves, hid, all evil sights removed: For said the king, "If he shall pass his youth Far from such things as move to wistfulness And brooding on the empty eggs of thought, The shadow of this fate, too vast for man, May fade, belike, and I shall see him grow To that great stature of fair sovereignty, When he shall rule all lands–if he_will rule_–The king of kings and glory of his time."

You know how vain were all the precautions taken by the father to prevent the fulfilment of the prophecy that his beloved son would be the coming Buddha. Though all suggestions of death were banished from

the royal palace, though the it was bedecked with flowers and gay flags, and every painful object removed from sight when the young Prince Siddhartha visited it, yet the decrees of destiny were not to be baffled, the "voice if the spirits," the "wandering winds" and the devas, whispered the truth of human sorrows into his listening ear, and when the appointed hour arrived, the Suddha Devas threw the spell of slumber over the household, steeped in profound lethargy the sentinels (as we are told was done by an angel to the gaolers of Peter's prison), rolled back the triple gates of bronze, strewed the sweet moghra-flowers thickly beneath his horse's feet to muffle every sound, and he was free. Free? Yes–to resign every earthly comfort, every sensuous enjoyment, the sweets of royal power, the homage of a Court, the delights of domestic life: gems, the glitter of gold: rich stuffs, rich food, soft beds: the songs of trained musicians, and of birds kept prisoners in gay cages, the murmur of perfumed waters plashing in marble basins, the delicious shade of trees in gardens where art had Contributed to make nature even lovelier than herself. He leaps from his saddle when at a safe distance from the palace, flings the jewelled rein to his faithful groom, Channa, cuts off his flowing locks, gives his rich costume to a hunter in exchange for his own, plunges into the jungle, and is free:

To tread its paths with patient, stainless feet, Making its dusty bed, its loneliest wastes My dwelling, and its meanest things my mates: Clad in to prouder garb than outcasts wear, Fed with no meals save what the charitable Give of their will, sheltered by no more pomp, Than the dim cave lends or the jungle-bush. This will I do because the woeful cry of life and all flesh living comet up into my ears, and all my soul is full of pity for the sickness of this world: Which I will heal, if healing may be found by uttermost renouncing and strong strife.

Thus masterfully does Sir Edwin Arnold depict the sentiment which provoked this Great Renunciator. The testimony of thousands of millions who, during the last twenty-five centuries, have professed the Buddhistic religion, proves that the secret of human misery was at last solved by this divine self-sacrifice, and the true path to Nirvana opened.

The joy that he brought to the hearts of others, Buddha first tasted himself. He found that the pleasures of the eye, the ear, the taste, touch and smell are fleeting and deceptive: he who gives value to them brings only disappointment and bitter sorrow upon himself. The social differences between men he found were equally arbitrary and illusive; caste bred hatred and selfishness; riches strife, envy and malice. So in founding his Faith he laid the bottom of its foundation-stones upon all this worldly dirt, and its dome in the clear serene of the world of Spirit. He who can mount to a clear conception of Nirvana will find his though far away above the common joys sad sorrows of petty men. As to come who ascends to the top of Chimborazo or the Himalayan crags, and sees men on the earth's surface crawling to and fro like ants, so equally small do bigots and sectarians appear to him,. The mountain climber has under his feet the very clouds from whose sun-painted shapes the poet has figured to himself the golden streets and glittering domes of the materialist Heaven of a personal God. Below him are all the various objects out of which the world's pantheons have been manufactured: around, above–Immensity. And so also, far down the ascending plane of thought that leads

from the earth towards the Infinite, the philosophic Buddhist describes, at different plateaux, the heavens and hells, the gods and demons of the materialistic creed-builders.

What are the lessons to be derived from the life and teachings of this heroic prince of Kapilvastu? Lessons of gratitude and benevolence. Lessons of tolerance for the clashing opinions of men who live, move and have their being, think and spire, only in the material world. The lesson of a common tie of brotherhood among all men. Lessons of manly self-reliance, of equanimity in breasting whatsoever of good or ill many happen. Lessons of the meanness of the rewards, the pettiness of the misfortunes of a shifting world of illusions. Lessons of the necessity for a avoiding every species of evil though and word, and for doing, speaking and thinking everything that is good, and for the bringing of the mind into subjection so that these may be accomplished without selfish motive or vanity. Lessons of self-purification and communion, by which the illusiveness of externals and the value of internals are understood.

Well might St. Hilaire burst into the panegyric that Buddha "is the perfect model of all the virtues he preaches… his life has not a stain upon it". Well might the sober critic Max Muller pronounce his moral code "one of the most perfect which the world has ever known". No wonder that in contemplating that gentle life Edwin Arnold should have found his personality "the highest, gentlest, holiest and most beneficent… in the history of thought", and been moved to write his splendid verses. It is twenty-five hundred years since humanity put forth such a flower: who knows when it did before?

Gautama Buddha, Sakya Muni, has ennobled the whole human race. His fame is our common inheritance. His Law is the law of Justice, providing for every good thought, word and deed its fair reward, fore every evil one its proper punishment. His law is in harmony with the voices of Nature, and the evident equilibrium of the universe. It yields nothing to importunities or threats, can be neither coaxed nor bribed by offerings to abate or alter one jot or title of its inexorable course. Am I told that Buddhist laymen display vanity in their worship and ostentation on their almsgiving; that they are fostering sects as bitterly as Hindus? So much the worse for the laymen: there is the example of Buddha and his Law. Am I told that Buddhist priests are ignorant, idle fosterers of superstitions grafted on their religion by foreign kings? So much the worse for the priests: the life of their Divine Master shames them and shows their unworthiness to wear his yellow robe or carry his beggar's bowl. There is the Law–immutable–menacing; it will find them out and punish.

And what shall we say to those of another caste of character–the humble-minded, charitable, tolerant, religiously aspiring hearts among the laity, and the unselfish, pure and learned of the priests who know the precepts and keep them? The Law will find them out also; and when the book of each life is written up and the balance struck, every good thought or deed will be found entered in its proper place. Not one blessing that ever followed them from grateful lips throughout their earthly pilgrimage will be found to have been lost; but each will help to ease their way as they move from stage to stage of Being.

◊◊◊

# पशुपतिमा बौद्ध मूर्ति अलपत्र

पशुपति क्षेत्रभित्र आजभन्दा १७०० वर्षअघिको बुद्धमूर्ति विना हेरचाह अलपत्र अवस्थामा परिरहेकोमा बौद्ध अनुयायीहरूले उचित संरक्षण र स्थानान्तरणको निम्ति माग गरेका छन् ।



एक समय बौद्धकालीन संस्कृति र मूर्तिले भरिएको पशुपति क्षेत्रमा पछि मात्र पशुपतिको मन्दिर निर्माण गरेको तथा बौद्ध सम्पदाहरू नष्ट गर्ने प्रयास भएको कुरा त्यहाँ भेट्टिएका विभिन्न अवशेषहरूले प्रमाणित गरेको छ ।

२०४८ सालमा पशुपति आर्यघाटको दक्षिण क्षेत्र जीर्णोद्धार गर्न सफा गरेको समय फोहरको डंगुरमा यो बुद्धमूर्ति भेट्टिएको थियो । ऐतिहासिक महत्त्वको यस मूर्तिलाई पशुपति विकास कोषले वास्ता नगरेको तथा खोलाले बगाइल्याएको अनुमानमा उक्त मूर्तिलाई केही वास्ता नगरी असुरक्षित रूपमा राखेको थियो ।

पशुपति क्षेत्रमा थुप्रै बौद्ध मूर्ति रहेको कुरा इतिहासमा उल्लेख छ । हाल भेट्टिएको घुँडामाथिको भागमात्र रहेको दायाँ हात भाँचिएको, शरीरका भागहरू छिया परेको असुरक्षित एवम् अपहेलित स्थानमा रहेको यस मूर्ति अवलोकितेश्वर बुद्धको मूर्ति हो भन्ने कुरा इतिहासविद् डा. गोविन्द टण्डनले पुष्टि गर्नुभएको छ ।

पुरातत्व विभाग र पशुपति क्षेत्र विकास कोषको पटक पटक ध्यानाकर्षण गर्दा पनि केही वास्ता नगरेको कारण अब निजी स्तरबाटै यहाँ मन्दिर बनाई सो बुद्ध मूर्ति पलिस्था गर्ने कार्यक्रम तय गरेको छ ।

स्मरणीय छ, मुख:अष्टमीको दिन पशुपतिको मूर्तिमा भगवान् बुद्धअङ्कित मुख: (शिरपोष) लगाई पूजा गर्ने चलन रहेपनि हाल सार्वजनिक रूपमा गर्न छोडिसकेको छ ।

नेपाल भाषाको पत्रिका लायकुबाट साभार

## अनिच्चावत संखारा...

जन्म

वि.सं. १९७६/०६/१५



निधन

वि.सं. २०६६/०९/२६

**स्व. चन्द्रमान बज्राचार्य**

धर्मोदय सभा, कास्कीका भूतपूर्व सभापति सुवर्ण बज्राचार्यज्यूको पूजनीय पिताज्यू **चन्द्रमान बज्राचार्य** ९३ वर्षको उमेरमा देहावसान भएकोमा हामीलाई गहिरो चोट लागेको छ । दिवंगत चन्द्रमान बज्राचार्य शाक्य समाजका अग्रणी व्यक्तित्व, भूतपूर्व सभापति तथा गुठीका नायो पनि हुनुहुन्थ्यो । उहाँले बालगोपाल भजन गुठीका संस्थापक सभापति भएर अन्तिम समयसम्म काम गर्नुभयो । उहाँले धार्मिक तथा सामाजिक क्षेत्रमा ठूलो सेवा गर्नुभयो । हामी उहाँको सुखावती भुवनमा बास होस् भन्ने कामना गरी शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं ।

**धर्मोदय सभा परिवार, कास्की**

# प्रधानमन्त्री बेइजिङ्मा
## चिनियाँ मन्दिरलाई मूर्ति

– निर्मल श्रेष्ठ

चीन भ्रमणको तेस्रो दिन प्रधानमन्त्री माधवकुमार नेपाल बेइजिङ पुगेका छन्। सोमबार अपरान्ह उनलाई चिनियाँ विदेश राज्यमन्त्री उदावेलगायत सरकारी अधिकारीले बेइजिङ अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा स्वागत गरेका थिए।

प्रधानमन्त्रीको स्वागतमा चिनियाँ सैनिक टुकडीले सलामी दिएको थियो। बेइजिङ प्रस्थान गर्नुअघि प्रधानमन्त्रीको टोलीले सियानस्थित फामन टेम्पलको अवलोकन गरेको थियो।

बुद्धका देब्रे हातको माहिली औंला अस्तुका रूपमा सुरक्षित राखिएको यो मन्दिर बौद्ध धर्मावलम्बीहरूबीच प्रसिद्ध छ।

भ्रमणका क्रममा प्रधानमन्त्रीले मन्दिरलाई नेपाल सरकारका तर्फबाट एक सय साठी किलोग्राम तौलको पाँच फिटे बुद्धमूर्ति उपहार दिए। प्रधानमन्त्रीको उपस्थितिमा उक्त बुद्धमूर्ति त्यहाँका वरिष्ठ पुजारीहरूबाट बौद्ध विधिअनुसार मन्त्रोच्चारण गरी अनावरण गरिएको थियो।



बुद्धको जन्मसँगै परापूर्वदेखि नेपाल र चीनको सम्बन्धलाई लिएर चीनको राष्ट्रिय टेलिभिजनले वृत्तचित्र निर्माण गर्ने प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार राजन भट्टराईले बताए। 'डकुमेन्ट्रीमा मूर्ति अनावरणका दृश्यसमेत समेटिनेछन्', भट्टराईले भने, 'डकुमेन्ट्रीले नेपाल-चीनबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध उजागर गर्नेछ।

नेपाल-चीन सम्बन्धको ५५ औं वर्षगाँठको अवसरमा बुद्धको औंलाका अस्तु प्रदर्शनका लागि नेपालमा ल्याउन प्रधानमन्त्रीले राखेको प्रस्ताव मन्दिरका वरिष्ठ पुजारीले स्वीकारेको समेत भट्टराईले जानकारी दिए। उक्त अस्तु यसअघि विभिन्न देशमा प्रदर्शन गरिएका छन्। सोमबार बिहान प्रधानमन्त्री सियानस्थित टेराकोटा वारियर संग्रहालय पनि गएका थिए।

प्रधानमन्त्रीको सम्मानमा सोमबार साँझ बेइजिङस्थित नेपाली दुतावासले रात्रीभोज आयोजना गऱ्यो। त्यसमा स्थानीय चिनियाँ बुद्धिजीवी एवम् व्यापारी, बेइजिङमा बसोबास गर्ने नेपाली आदि सहभागी थिए। रात्रीभोजका सहभागीलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले संक्रमण कालबाट गुज्रिरहेको नेपालको शान्ति प्रक्रियालाई अगाडि बढाउन विदेशमा रहेका नेपालीहरूको समेत सहयोग हुनुपर्नेमा जोड दिएको सल्लाहकार भट्टराईले बताए।

प्रधानमन्त्री नेपाल र चीनका प्रधानमन्त्री वेन जियावाओबीच मंगलबार साँझ द्विपक्षीय सहयोग र हितका विषयमा वार्ता हुने जानकारी चीनका लागि नेपाली राजदूत टंक कार्कीले दिए।



फेदीखोला बुद्ध



का.जि.द.नं. २१/६६/६७ प.क्षे.हु.व.नं. १-०६६/६७

जर्मनीको तारा फाउण्डेशनद्वारा लुम्बिनीमा निर्मित विहार प्राङ्गणको दृश्यहरू

